# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७
# लेटाङ नगरपालिका
# मोरङ




## महालेखापरीक्षकको कार्यालय
## काठमाडौँ, नेपाल

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय

प्रदेश नं. २

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal,
Kathmandu, Nepal


पत्र संख्या :२०७६/७७ मिति: २०७७/३/२६
च.नं. ६१७

श्री अध्यक्षज्यू,
लेटाङ नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
मोरङ ।


**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन,२०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(विन्दु विष्ट )
नायव महालेखापरीक्षक

## महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।



**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २४ गते

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय
प्रदेश नं. १ र २

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्या: २०७६।७७
च. नं. ५०२

मिति: २०७७।३।२४

श्री प्रमुखज्यू,
लेटाङ नगरपालिका,
मोरङ्ग ।

**विषय : लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले लेटाङ नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु.३ करोड ९६ लाख ११ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९९ लाख ६८ हजार, नियमित गर्नुपर्ने रु. ३३ लाख ०४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ करोड ५२ लाख ५१ हजार र पेश्कि रु. १० लाख ८८ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्वन्धमा मिति २०७६।११।२१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजात पेश भए अनुसार बेरुजु फछ्र्यौट भई कायम भएको व्यहोराको अन्तिम प्रतिवेदन पाना अठ्तिस (३८) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्वन गरेकोले नगरपालिकाको पेश्की वाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्वन्धित अन्य प्रचलित कानूनवमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिताअनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुनवमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्तीसमेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामापनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( विन्दु विष्ट )
नायव महालेखापरीक्षक

**लेटाङ नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । यो नगरपालिका अन्तर्गत ९ वडा, ६० नगर सभा सदस्य, २१९.२३ वर्ग कि.मी.क्षेत्रफल र ३२०५३ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका व्ययहरु समावेश भएको आयव्यय हिसाब सहितको आर्थिक वर्ष २०७५/७६ को संचित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

| | आयतर्फ | | | | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| सि.नं. | विवरण | रकम | | सि.नं. | विवरण | | रकम |
| **१** | **गतवर्षको जिम्मेवारी** | | **५१८८०४७९.२३** | **१** | **चालु खर्च** | | **२७४६७७४७८.९२** |
| | क) नगद | २१२१४७.०० | | | क)सशर्त अनुदान संघ एकमुष्ठ | १२४१४०७००.०० | |
| | ख) बैंक | ५१६६८३३२.२३ | | | ख) प्रदेश तथा स्थानिय क्षमता विकास कार्यक्रम | ३०५०००.०० | |
| २ | **राजस्व (आन्तरिक आय)** | | **१२०२८७०६०.५४** | | ग)प्रधानमन्त्री रोजगार कार्यक्रम | १९०४३८२.०० | |
| | क) आन्तरिक राजस्व | ५००६७७४७.१३ | | | घ)सामाजिक सुरक्षा कार्यक्रम | ५६८३८२००.०० | |
| | ख) राजस्व बाँडफाँड संघीय सरकार | ६३८४४६४५.७३ | | | ङ) समानीकरण अनुदान | २४६५७२३८.०० | |
| | ग) राजस्व बाँडफाँड सवारी साधन कर पदेश | ३७४८२२२.६८ | | | च) राजश्व बाँडफाँड संघ | ५८९१४५१३.९२ | |
| | घ) सडक वोर्डवाट प्राप्त | २६२६४४५.०० | | | छ) राजस्व वाँडफाँड प्रदेश सरकार | ४७३६८५३.०० | |
| | | | | | ज) आन्तरिक स्रोत | ८५७२८३.०० | |
| | | | | | ञ) प्रदेस समानिकरण चालु | २३२३३०९.०० | |
| | | | | २ | **पूँजीगत खर्च** | | **१७१९१७५४८.००** |
| | | | | | क) समानीकरण अनुदान संघ | ६५६४२१२९.०० | |
| ३ | **वित्तीय हस्तान्तरण** | | **३१५९९४३२१.००** | | ख) सशर्त अनुदान संघ | ४६०८०००.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | १०७३०००००.०० | | | ग) राजश्व बाँडफाँड संघ | ९२२४१४८.०० | |
| | ख) सशर्त अनुदान | १२८७४८७००.०० | | | घ) आन्तरिक स्रोत | ४७९८०४३०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | घ) प्रधानमन्त्री रोजगार कार्यक्रम | १९०४३८२.०० | | | च) स्थानीय पूर्वाधार विकास साझेदारी | ९५६९६६९.०० | |
| | ङ) ज्येष्ठ नागरिक दिर्घसेवा सम्मान र सामाजिक सुरक्षा कार्यक्रम | ५६८३८२००.०० | | | छ) प्रदेश सरकार निर्वाचन पुर्वाधार सशर्त अनुदान | ४७०९८९८.०० | |
| | च) स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम | ९५६९६६९.०० | | | ज)प्रदेश सशर्त अनुदान | १४०००००.०० | |
| | छ) पदेश तथा स्थानिय क्षमता विकास कार्यक्रम | ३०५०००.०० | | | झ) जनसहभागीता | ९४६०००.०० | |
| | ज) राष्ट्रपति चुरे संरक्षण कार्यकम | ९५०००००.०० | | | ञ)समानिकरण अनुदान प्रदेश | ४१८०००.०० | |
| | झ) झोलुंगेपुल क्षेत्रगत कार्यकम | १८२८३७०.०० | | | ट)राष्ट्रपति चुरे संरक्षण कार्यकम | ९५०००००.०० | |
| | ञ) समपुरक अनुदान | ०.०० | | | ठ)झोलुंगेपुल क्षेत्रगत कार्यकम | १८२८३७०.०० | |
| | | | | | ड)सडक वोर्ड कार्यकम | २२२९९०४.०० | |
| | | | | | ढ)धरौटी र जनसहभागीता रकम पुजिगत खातावाट फिर्ता | १२६१०००.०० | |
| | | | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | **०.००** |
| | | | | | क) ऋण भुक्तानी | | |
| | | | | | ख) व्याजभुक्तानी | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२६४४३०००.००** | | ग) अन्यभुक्तानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | ३५३३०००.०० | | ४ | **लगानी** | | **०.००** |
| | ख) सशर्त अनुदान | १४००००००.०० | | | ऋण लगानी | | |
| | ग) समपूरक अनुदान | ०.०० | | | शेयर लगानी | | |
| | घ) विशेष अनुदान | ०.०० | | ५ | **आन्तरिक आय खर्च** | | **०.००** |
| | ङ) प्रदेश आर्थिक मामला तथा योजना मन्त्रालय सशर्त अनुदान | ०.०० | | ६ | **धरौटी फिर्ता** | ०.०० | **१५८६५४९७.००** |
| | च) प्रदेश सरकार निर्वाचन पुर्वाधार सशर्त अनुदान | ८९१००००.०० | | ७ | **प्रकोप व्यवस्थापन कोष खर्च** | ०.०० | **०.००** |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | **०.००** | ८ | **मर्मत सम्भार कोष खर्च** | ०.०० | **०.००** |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | **०.००** | ९ | **फिर्ता खर्च** | | **१११३५५०.००** |
| | क) ऋण प्राप्ति | | | | क) सशर्त अनुदान संघ एकमुष्ठ | ०.०० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख) साँवाप्राप्ति | | | | ख) समपुरक अनुदान संघ | ०.०० | |
| | ग) ब्याजप्राप्ति | | | | ग) धरौटी खातामा रकम ट्रान्सफर | १११३५५०.०० | |
| | घ) अन्यप्राप्ति | | | | घ) गत वर्षको फिर्ता | ०.०० | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | **१०६६२०८.००** | | ङ.) | ०.०० | |
| | क) विपद व्यवस्थापन कोष | ८४७१४२.०० | | | **कुल खर्च** | | **४६३५७४०७३.९२** |
| | ख) मर्मत सम्भार कोष | ९८८३१.०० | | ९ | **मौज्दात** | | |
| | ग)कर्मचारी कल्याण कोष | ७०२३५.०० | | | | | |
| | घ)वातावरण विकास कोष | ५००००.०० | | | | | |
| ८ | **जनसहभागिता (नगद)** | ०.०० | **०.००** | | क) नगद मौज्दात | | |
| ९ | गत आ.व.सामाजिक सुरक्षा | ०.०० | **०.००** | | ख) बैंक मौज्दात | ६६५४३७४४.६५ | **६६५४३७४४.६५** |
| १० | **धरौटी आय** | २३८०७३७४.०० | **२३८०७३७४.००** | | १. नगद मौज्दात | ३५२५३९.२० | **३५२५३९.२०** |
| ११ | **लगानीको साँवा फिर्ता** | | **०.००** | | २.वातावरण विकास कोष | ५००००.०० | **५००००.००** |
| १२ | **अन्य विविध आय** | | **०.००** | | ३. कर्मचारी कल्याण कोष मौज्दात | ७०२३५.०० | **७०२३५.००** |
| | | | | | ४) धरौटी कोष मौज्दात | ०.०० | **७९४१८७७.००** |
| | | | | | ५) मर्मत सम्भार कोष मौज्दात | ८४७१४२.०० | **८४७१४२.००** |
| | | | | | ५) विपद व्यवस्थापन कोष मौज्दात | ९८८३१.०० | **९८८३१.००** |
| | **जम्मा** | **५३९४७८४४२.७७** | **५३९४७८४४२.७७** | | **जम्मा** | | **५३९४७८४४२.७७** |

| दफा | लेखापरीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १. | **वजेट पारित :** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय , चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्रनै पारीत गर्नुपर्ने व्यवस्था छ । तर यस नगरपालिकाको नगरसभामा २०७५।३।१० मा पेश नगरि २०७५।३।२५ मा मात्र बजेट तथा कार्यक्रम सभामा पेश भएको देखियो । ऐनको प्रावधान अनुसार सभा संचालन भएको देखिएन । | |
| २. | **आन्तरिक नियन्त्रण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगाबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनिय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>● नगरपालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गरेको छैन ।<br>● नगरपालिकाको वडा कार्यालय र विषयगत शाखामा छुट्टा छुट्टै जिन्सी खाता राखेको र जिन्सी सामानको एकीकृत विवरण समेत नबनेको अवस्थामा जिन्सी सामानको हिनामिना र चुहावट हुन सक्ने स्थिति देखिएको ।<br>● सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयार नगरी खरिद कारबाही संचालन गरेको ।<br>● महालेखा नियन्त्रक कार्यालयबाट २०७४ कार्तिकमा जारी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार एकीकृत आर्थिक संकेत प्रयोग गरेको छैन ।<br>● स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेको छैन ।<br>● मन्त्रालयको मिति २०७३/१२/२५ को परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका नगरपालिका ,गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख अद्यावधिक गरेको छैन ।<br>● नगरपालिकाले सवारी साधनको अध्यावधिक लग बुक तयार गरी इन्धन खर्चको व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो गरेको पाइएन ।<br>● नियमित जिन्सी निरीक्षण गरी सबुत सामान, मर्मत हुन सक्ने, मर्मत हुन नसक्ने सामानको विवरण तयार गरी जिन्सी सामानको सुनिश्चितता गरेको पाइएन ।<br>● भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयले भ्रमणबाट फर्केका पदाधिकारीबाट भ्रमण प्रतिवेदन लिने र भ्रमण अभिलेख राखि भ्रमण खटाउने पदाधिकारीहरुको खर्चको विश्वसनिय आधार प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।<br>● चल्ती सवारी साधन र मेशिनरी औजार मर्मत गर्दा अनिवार्य रुपमा म.ले.प. फारम नं. २ तयार गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>त्यसैले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ । | |
| ३. | **एकीकृत आर्थिक संकेत** : सरकारको आम्दानी, खर्च र सम्पत्ती तथा दायित्वलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयबाट आर्थिक वर्ष २०७४।७५ देखि स्थानीय तहमा लागु हुने गरि एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ तयार गरि कार्यान्वयन गरिएकोमा नगरपालिकाले सो बमोजिम लेखा राखेको पाईएन । अतः नगरपालिकाले एकीकृत आर्थिक संकेत, तथा वर्गीकरण र व्याख्या, २०७४ बमोजिम राजश्व तथा खर्च संकेत अनुसार लेखा राख्नुपर्दछ । | |
| ४. | **मध्यकालीन खर्च संरचना** : अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा स्थानीय | |

| | | |
|---|---|---|
| | तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्चको संरचना तयार नगरेकोले सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्दा मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ ।<br>(क) प्रस्तावित योजनाको उद्देश्य,<br>(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्ट्याई,<br>(ग) प्रस्तावित योजना कार्यन्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि,<br>(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसँगको तादाम्यता,<br>(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण । | |
| ५. | **चौमासिक विवरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ । | |
| ६. | **आन्तरिक लेखापरीक्षण**: स्थानीय सरकार संचालना ऐन, २०७४को दफा ७७(२) अनुसार स्थानीय तहले कानून बमोजिम आफनो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने छ । आन्तरिक लेखापरीक्षणले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुन अगाबै सम्परीक्षण गर्नु पर्ने व्यबस्था रहेकोछ । कार्यालयले अन्तरिक लेखापरीक्षले उल्लेख गरेको कैफियतहरु फछ्र्यौट गरेको देखिएन । | |
| ७. | **आन्तरिक नियन्त्रण प्रणाली**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ अनुसार स्थानीय तहले आफनो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तिय प्रतिवेदन प्रणालीलाई बिश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफनो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्राणाली तयार गरि कार्यान्वयन गर्नु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान अनुगमन तथा मूल्याङकन जस्ता विषयलाई समेत समेटनु पर्नेछ । आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिका वा नगरपालिकाका अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यबस्था मिलाउनु पर्ने व्यबस्था रहेको छ । | |
| ८. | **योजना छनौट** :स्थानीय सरकार संचालन ऐन, २०७४को दफा २४ तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुंदा नं. ३ मा नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई प्राथमिकता दिनु पर्ने उल्लेख छ ।<br>(क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,<br>(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,<br>(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,<br>(घ) स्थानीय सहभागिता जुट्ने, स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,<br>(ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने<br>(च) महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,<br>(छ) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धी हुने,<br>(ज) दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्याउने, आदी ।<br>नगरपालिकाले योजना तर्जुमा तथा वजेट निर्माण गर्दा उपरोक्त आधारमा गर्नु पर्दछ । | |
| ९. | **कार्यक्रम खर्च :** नगरपालिकाले यस आर्थिक वर्ष स्वास्थ्य, कृषि, पशु, महिला, बालबालीका, अपाङ्ग कार्यक्रम तथा जेष्ठ नागरिकक्षेत्रमा वजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो | |

। नगर स्तरमा भएको विभिन्न कार्यक्रमहरु पुनः वडा तर्फ दोहरिने तथा नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु अत्याधिक मात्रामा वितरणमुखी कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस वितरण, सम्मान कार्यक्रम, न्यानो कपडा वितरण आदि शसर्त तथा निशर्त रुपमा पटक पटक र वर्षेनि गरेको देखिएतापनी स्वास्थ्य, कृषि, पशु, महिला, बालबालीका तथा जेष्ठ नागरिक क्षेत्रमा उल्लेखनिय प्रतिफल ल्याएको अवस्था देखिन आएको छैन । साथै अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी, सम्मान कार्यक्रम तथा तालिम कार्यक्रमहरु शर्सत तथा निर्शत रुपमा मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरिएको पाइन्छ । नगरपालिकाले यस्ता पटके तथा वितरणमुखि खर्च नियन्त्रण गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र यस्ता क्षेत्रहरुमा सुधार ल्याउन दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

१०. **स्थानीय कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) अनुसार बनेका ऐन र दफा १०२(२) अनुसार ऐनको अधिनमा रही कार्यपालिकाले बनाएका नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरु दफा १०२ (३) अनुसार स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले हाल सम्म १२ वटा ऐन ९ कार्यविधि ३ निर्देशिका र १ मापदण्ड निर्माण गरी राजपत्रमा प्रकासित गरेको बिबरण उपलव्ध गराएको छ । तसर्थ तोकिएको कानूनी व्यवस्था बमोजिम कानून निर्माण, प्रकाशन र कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।

११. **कर्मचारी व्यवस्थाः** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी नखुलेकोमा हाल ७० कर्मचारी पदपूर्ति रहेको देखियो । निजामति सेवा नियमावली अनुसार कर्मचारीको नियुक्ती र पदपूर्ति हुनु पर्दछ ।

१२. **सेवा प्रवाह स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा नगरपालिकाको काम, कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । नगरपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस नगरपालिका तथा अन्तर्गतका वडाबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ ।

| | | | | |
|---|---|---|---|---|
| ११ | नागरिकता सिफारिस | ६५० | ६५० | |
| २२ | घरबाटो सिफारिस | ५५२ | ५५२ | |
| ३३ | नाता प्रमाणित | १८९ | १८९ | |
| ४४ | जन्म, मृत्यु दर्ता | ७१७ | ७१७ | |
| ५५ | अन्य | २१८७ | २१८७ | |

**ब.उ.शि.नं. ८०१४०२४ (वित्तीय समानीकरण पूँजीगततर्फ)**

१३. **ठेक्काको अभिलेख**: आर्थिक कार्यविधि नियमावली, २०६४ को परिच्छेद –११ को नियम ९२ अनुसार प्रत्येक कार्यालयले विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षकको विभागबाट स्वीकृत ढांचामा राख्नुपर्ने छ । लेखा भिड्ने प्रमाणित कागजातहरु पनि सिलसिलाबद्ध तरिकाले राख्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले गत विगत वर्षमा के कति कामको ठेक्का पट्टा भएको थियो । ती ठेक्का मध्ये के कति भुक्तानी भई कति भुक्तानी हुन वांकी रहेको छ, ठेक्का भएको निर्माणको निर्माण सम्पन्न हुने अवधि, भुक्तानी मिति, वैंक ग्यारेन्टी र विमाको म्याद खुल्ने विवरणको (म.ले.प.फा.नं.१९०) अभिलेख जस्ता निर्माण कार्यको प्रमाणीत गर्ने अभिलेखहरु कार्यालयले राख्ने गरेको देखिएन । यी अभिलेखको अभावमा ठेक्काको म्याद वैंक ग्यारेन्टीको र विमाको म्याद, ठेक्कामा हालसम्म कति भुक्तानी भयो र कति भुक्तानी हुन वांकी छ सो सम्वन्धि जानकारी नहुने हुंदा, वैंक ग्यारेन्टी र विमाको कभरेज नहुने र अभिलेखको अभावमा एउटै कामको दोहोरो विल पेश भई भुक्तानी हुन सक्ने हुंदा नियमानुसार राख्नु पर्ने यस्तो अभिलेख राख्नुपर्ने देखिन्छ ।

१४. **नापी कितावः** कार्यालयले वहुवर्षिय आयोजनाको कार्य को निर्माण व्यवसायीलाई रनिङ्ग विल भुक्तानी गर्दा नापि कितावको आधारमा भुक्तानी दिने व्यवस्था रहेको छ । परीक्षण गरिएका गोश्वारा भौचर संग संलग्न फाटवारीमा निर्माण व्यवसायीले कार्य गरेपछि भुक्तानी प्रयोजनको लागि कम्प्युटरवाट

| | | |
|---|---|---|
| | छुटा छुटै लुज नापी सिट समावेश गरी रकम भुक्तानी दिने गरेको देखियो । कामको एकिकृत नापी देखिने अभिलेख नहुनाले दोहोरो विल तयार गरि निर्माण व्यवसायीलाई भुक्तानी हुन सक्ने जोखिम रहेको छ । तसर्थ कार्य सम्पन्न भएपछि भुक्तानी दिएको कम्प्युटरवाट तयार भएको लुज सिट वाइन्डिङ गरि सोही आधारमा एकिकृत नापी अभिलेख तयार हुनु पर्दछ । | |
| १५. | **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । नगरसभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५।७६ अनुसार नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन ।<br>नगरपालिकाले यस वर्ष रु.५० हजार देखि रु.९९ लाख सम्मका जम्मा ४४९ वटा योजना उपभोक्ता समिति मार्फत संचालन गरेकोमा रु.१ लाख मुनिका ६० योजनाहरु रहेका छन् । प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । बोलपत्रको माध्यमबाट प्रतिस्पर्दागरी ठेक्काबाट निर्माण कार्य गर्दा लागत अनुमानको तुलनामा ३० देखि ५० प्रतिशत सम्म घटीमा निर्माण कार्य भएको देखिन्छ । उपभोक्ताबाट भएको काममा लागत अनुमानकै हाराहारीमा निर्माण कार्य भएको देखिदा मितव्ययीताको हिसाव बाट समेत उपयुक्त नभएको र साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापन तथा अनुगमनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रवाही नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने हुदा साना योजनामा लगानी गर्नु भन्दा ठूला योजना छनौट गरी सिमित श्रोतको उपयोगमा ध्यान दिनु पर्ने देखिन्छ । | |
| १६. | **उपभोक्ता**ःसार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययी, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउन सकिने उल्लेख छ । यो वर्ष कार्यालयले ४४९ उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराई रु.२७ करोड २५ लाख ९१ हजार भुक्तानी दिएको देखियो । उपभोक्ता समितिबाट भएका कामको गुणस्तर परीक्षण समेत भएको छैन । प्रतिस्पर्धात्मक तरिकाले निर्माण कार्य गराउँदा मितव्ययी र गुणस्तरीय निर्माण कार्य हुन जाने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| | **प्रदेश शशर्त पूँजीगत** | |
| १७. | **सिमा भन्दा बढीकाम उपभोक्ताबाटः**सार्वजनिक खरिद नियमावली,२०६४को नियम ९७ को उपनियम (१) र (२) अनुसार मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सि रकम, र जन सहभागिताको अंश समेतको रकम सहमावेश भएको रु. १ करोड रुपैयाँ सम्म लागत अनुमानको निर्माण कार्य वा सो सम्वन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट गराउन सकिने व्यवस्था छ । साथै सार्वजनिक खरिद ऐन को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरियता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभ ग्राही समुदायलाई तोकिए बमोजिमको कार्यविधी पुरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने भनी उल्लेख छ । नगरपालिकाले निम्न निर्माण कार्यको लागत अनुमान गरेको निर्माणको काममा नियमानुसारको लागत अनुमान नगरि ओभरहेड, कन्टेन्जेन्सी, मूल्य अभिबृद्धि कर बाहेकको सिमा भन्दा बढी हुने गरि लागत अनुमान तयार गरी उपभोक्ता समितिवाट कार्य गरेको नियम सम्मत देखिएन । कालोपत्रे गर्ने जस्तो नितान्त प्राविधिक खालको काम दक्ष र अनुभवि निर्माण व्यबसायी छनौटगरि मितव्ययी तरिकाबाट बोलपत्रको माध्यमबाट निर्माण कार्य गर्नु पर्नेमा रु.१ करोड भन्दा बढी लागत अनुमान भएको रकम समेत घटी लागत अनुमान देखाई सिधै उपभोक्ता समितिको नाममा सम्झौता गरि कार्य गराई भूक्तानी गरेको छ । | |
| | उपभोक्ता समितिको नाम \| ओभरहेड कन्टेन्जेन्सी र मु अ.कर \| कुल भूक्तानी | |

| | | |
|---|---|---|
| | बाहेकको लागत अनुमान | रकम |
| तेलिनमुना मदनमार्ग कालोपत्रे उपभोक्ता समिति | ९६४८१९० | २२९०७७० |
| वारंगी धुले मोटरबाटो निर्माण उपभोक्ता समिति | ९९३०३९१ | ९८८७४८० |
| **राष्ट्रपति चुरे कार्यक्रम** | | |
| तेली खोला तटवन्द निर्माण | ९३३६५९१.८१ | ९३३३३३५ |
| **समानिकरण पूँजीगत** | | |
| पैतिस बिघे कालो पत्रे उ.स. | ९९६०८७९.२१ | ९९७०७४६ |
| लेटाङ्ग ८ कालोपत्रे विल भूक्तानी | ९९६०४५२ | ९९७५८०९ |
| कृषिमार्ग कालोपत्रे उपभोक्ता समिति | ९९९६९८५ | ९९९६९८५ |
| शान्तिमार्ग कालोपत्रे सडक निर्माण ( कृतिमान) | ९७१३३४४ | २४५३००० |
| **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | | |
| बुद्धमार्ग कालेपत्र निर्माण तथा मर्मत सम्भार समिति | ९०१४५२९ | ४६३७००६ |
| **जम्मा** | **७७५६१३६२** | **५८५४५१३१** |

१८. लेटाङ नगरपालिका ७ (साविक वाराजी थान जाने वाटो) वारंगी२३ किलो मिटर धुले बाटो मर्मत सम्भार मोड सुधार भूवा खोलामा पक्की पूल निर्माणको लागि प्रदेश सरकारबाट रु.१३००००००/- बजेट व्यबस्था भएको थियो । काम गर्ने समयमा नगर कार्यपालिको बैठकबाट भूवा खोलाको पक्कीपूल निर्माणको कार्य स्थगित गरि सम्पूर्ण रकम धुले बाटो मर्मत कार्यमा खर्च गरेको देखियो । उक्त सडकमा दुई प्याकेज लागत अनुमानगरि उपभोक्ताबाट निर्माण कार्य गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।

१९. **आयोजना स्विकृत गराउने**ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी नेपाल सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनु पर्नेछ । जिल्लास्तरीय आयोजना, योजना आयोगको नीति भित्ररहि मन्त्रालयको सचिवले वा केन्द्रीयस्तरको आयोजना राष्ट्रिय योजना आयोगबाट स्विकृत भएको हुनु पर्ने व्यबस्था रहेको छ । यसरी स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सोअनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने छ । आयोजना स्विकृत गर्ने आधार अनुसूचि-३ मा उल्लेख भए बमोजिमको हुने व्यवस्था रहेको छ ।नियमानुसार आयोजना स्विकृत गराएको देखिएन ।

२०. **ढुङ्गामाटोको बर्गिकरण नभएको**ः ढुङ्गा माटो लाईsoft soil, hard soil /gravel/ boulder mixed soil , soft rock, hard rockमा विभाजन गरि सो को आधारमा दर बिश्लेषण गरि निर्माण कार्य गर्नु पर्नेमा ढुङा माटोको बर्गिकरण नगरि हचुवाको आधारमा लागत अनुमान गरेको पाईयो ।मेशिनबाट गरिने कामको दर विश्लेषण गरेको देखिएन । कार्यालयले मेशिनबाट खन्ने र मान्छेबाट खन्नेगरि बर्गिकरण गरेको छ । मेशिनबाट खन्ने र मानिसबाट खन्ने ढुङ्गा माटोको वर्गिकरणको कुनै फरक देखिदैन । बाटोमा कुन कुन क्याटागोरीको ढुङ्गा माटोको अबस्था रहेको छ सो अनुसार सो परिमाण समेत छुट्टीने गरि बर्गिकरण गरि कार्य सम्पन्न भए पछि पनि सो अनुसार नापि गरेको देखिएन । लागत अनुमान गर्दा हचुवाको आधारमा ढुङ्गा माटोको अवस्था एकिन नगरि लागत अनुमान गरेको र कामको नापि गर्दा पनि कुनकुन च्यानेजमा कुनकुन स्तरको ढुङ्गामाटोको अवस्था रहेकोछ । सोनछुटयाई नापि गरेकोले बाटो निर्माणमा भएको कामको चेनेज र कामको परिमाण एकिन हुने अबस्था रहेको छैन । साविककमा कुनु कुन च्यानेजमा कति मिटर चौडा बाटो थियो । हाल कति मिटर कायम गरिएका हो बाटोको पूर्व अबस्था चेनेज बाईज बाटोको ग्रेड,बक्स कटिङ्गको अबस्था विश्लेष गरि निर्माण कार्य गर्नु पर्नेमा हचुवाको आधारमा लागत अनुमान गरेको र कार्य

सम्पन्न हुँदा समेत लमसममा नापि गरि  उपभोक्ता समितिलाई निम्नानुसार  भूक्तानी गरेको देखियो । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन ।

| **कामको विवरण** | **प्याकेज १** | **प्याकेज २** | **जम्मा परिमाण** | **दर** | **जम्मा रकम** |
|---|---|---|---|---|---|
| Earthwork in excavation for Road (by machine) | ४४१२० | ३२७५० | ७६८७० घनमिटर | ८४.७५ | ६५१४७३२.५० |
| Earthwork in excavation for Road (by  manually) | ५०४० | १२७७.९२ | ६३१७.९२ घनमिटर | ३७४.५० | २३६६०६१.०४ |
| Excavation of Medium rocks without blastting | ८८९५ | ६७४६.२५ | १५७४१.२५ घनमिटर | १०९.६१ | १७२५३९८.४१ |
| Excavation in fractured and soft rocks, disposal | २८८७.५० ' | २६०० | ५४८७.५० घनमिटर | ३३९.०० | १८६०२६२.५० |
| **जम्मा** | **६०९४२.५** | **४३३७४.१७** | **१०४४१६.६७** | | **१२४६६४५४.४५** |

२०.१ **थप दायित्व पारेको:**ढुङ्गा माटोको वर्गिकरण नगरेको मेशिनबाट गर्ने कामको दरविश्लेषण नगरि दर सिधै राखेको मेशिनबाट गर्ने कामको ढुङ्गामाटोको बर्गिकरण भिन्न प्रकृतिको नभएकोले मेशिनबाट न्युनतम दर राखि लागत अनुमान गर्नुपर्नेमा ३ किसिमबाट मेशिनबाट काम गर्नेगरि दर बढीको निर्धारण गरेको भएपनि बढी दर राख्ने आधार नदेखिएकोले दुई प्याकेजमा उपरोक्त अनुसार भएको भूक्तानी उपयुक्त नदेखिएको हुदाँ मेशिनबाट बाटो मर्मत गरेको दरलाई कायम गरि १०४४१६।६७ घनमिटर ढुङ्गा माटो कटिङ्गको काममा मेशिन बाट प्रति घन मिटर रु.८४।७५ का दरले १०४४१६।६७ घनमिटर कामको रु. ८८,४९,३१३/- मा सम्पूर्ण बाटोको मोड सुधारको काम सम्पन्न हुनेमा आधार बगेर दर बढाई बढी दायित्य पारेकोले जिम्मेवार पदाधिकारी लाई जिम्मेवार वनाई बढी दायित्व परेको रकम असुल हुनु पर्ने रु ३६१७१४२/-

२०.२ **ग्यावियन जालि खरिद र ढुङ्गा भरेको परिमाण नमिलेको**ः उपभोक्ताले प्रस्तुत गरेको ग्यावियन जाली खरिद परिमाण  अनुसार २८३.५० घनमिटर ग्याविन खरिद गरेको विल संलग्न गरेको छ । तर ढुङ्गा भरेको परिमाण ४१५.११ घन मिटर देखाएको, नापिमा गलत नापी देखाएकोले ग्यावियन खरिद परिमाण भन्दा बढी देखाएको ढुङ्गा भरेको परिमाण १५४.५० घन मिटरको रु.२८९६८८/-  बढी ढुङ्गा भरेको परिमाण देखिएको रकम असुल हुनु पर्ने रु. २८९६८८/-

| साईज | थान र परिमाण |
|---|---|
| ३* ३* ३ | ३६ थान  १०८ घनमिटर |
| २* १* १ | ५४ थान १०८ घनमिटर |
| ३* १.५ *.७५ | १२ थान ६७.५ घनमिटर |
| | जम्मा     २८३.५० |

२०.३ **चेनेज नखुलेको :** ढुङ्गामाटोको काम भएको २३ किलोमिटर बाटोका कुन कुन च्यानेजमा कति कति परिमाण को ढुङ्गामाटोकोकाम भएकोहो साविकमा कति मिटरको बाटो थियो र सो स्थानमा कति मिटरको कायम भएकोहो खुल्नेगरि लागत अनुमान नगरेको ढुङ्गामाटो कटिङ्गको मेजरमेण्ट सिमा संख्या कम्तिमा १ भन्दा घटी नहनु पर्नेमा .५० राखि गलत नापि तयार गरेको ग्यावियनको काम लम्वाई चौडाई उल्लेख नगरि उचाईको परिमाण मात्र उल्लेख गरेको जस्ता कैफियत देखिएकोछ । कार्य गर्दापनि चेनेज अनुसारको नापि नगरि लमसममा कामको एकमुष्ठ परिमाण राखेर नापि देखाएको छ । यस बाट सडकको कुनुकुन च्यानेजमा कति मिटरको बाटो मोडसुधार कुन च्यानेजमा सडकको कति परिमाण काम गरेको ग्यावियनको काम कुन कुन च्यानेजमा भएकोहो खुल्नेगरि नापि किताव राखेको देखिएन । यस बाट भएको कामको परिमाण एकिन गर्न नसकिने अबस्था रहेको छ ।

२१. निर्माण सामग्री खरिद गरेका एक निर्माण व्यसायी रानी पानि निर्माण सेवा (६०६८११७८१)को कर विजबाट दुई पटक गरि रु.११५३४६०।९२को पहिलो र दोस्रो विलबाट विल समाबेस गरि भूक्तानी भएको देखियो तर निजको आन्तरिक राजश्व कार्यालयको pan portal अनुसार २०७४ फागुन देखि Non filer देखिएकोले कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु. १३२६९९/-

| | | | |
|---|---|---|---|
| २२. | तेली नमूना मदन मार्ग कालो पत्रे सडक निर्माण कार्य रु. ९४,८५,६९०।-को लागत अनुमान गरि रु. ६५,००,०००।-कार्यालयको तर्फबाट र रु.३१,४८,१९०।- उपभोक्ताको तर्फबाट व्योहोर्ने व्यबस्था रहेको छ । २०७६।३।३० सम्ममा कार्य सम्पन्न गर्ने गरि मिति २०७६।१।१२ मा ठेक्का सम्झौता भएको थियो । आर्थिक बर्षको अन्तसम्म रु.२२३४८०८।- मात्रको प्रथम विल पेश गरेको देखियो । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेकोछन् । | | |
| २२.१ | उपभोक्ताले प्रस्तुत गरेको सामान खरिदको विल अनुसार ओम श्री क्सर उद्योग एण्ड सप्लायर्स प्रा.लि लेटाङ्गको विल अनुसार २२५० घनमिटर बेशको जम्मा रु.१८४५२९५।६५मा खरिद गरेको विल सम्लग्न गरेको देखियो तर सम्झौतामा बेस हाल्ने, मिलाउने कम्प्याकसन गर्ने काम८१२।५० घन मिटर मात्र देखिएकोले १४३७.५० घनमिटर अर्थात रु. ११७८९३७/- को काम नभएको परिमाणको विल उपभोक्ताले समावेस गरेको देखियो । सबवेस मिलाउने बेस कम्प्याकसन गर्ने कामको लागि दर विश्लेषण अनुसार विभिन्न मेशिन खरिद प्रयोग गर्नु पर्ने हुन्छ सो काममा मेशिन भाडामा लिएको कुनै पनि विल संलग्न भएको देखिएन । | | |
| | **नगरपालिका पूँजिगत** | | |
| २३. | **तेली नमुना मदन मार्ग कालोपत्रे सडक**: आर सि.सि ह्युम पाईप ४५० एम एम १३ थान र ३० एम एमको ७ थान खरिद गरि निर्माण कार्य गर्नेगरि सम्झौता भएको देखियो । विलमा सो आईटमको रु.१९५१३७।४३ को खरिद गरेको विल समाबेस गरेको छैन । तर प्रथम विलबाट रकम समावेस भई भूक्तानी भएकोले ह्युम पाईप कुन माध्यमबाट खरिदगरि काम भएको हो नदेखिएको रु. | | १९५१३७/- |
| २४. | **योजना तर्जुमा-** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका विषयमा स्थानिय स्तरको विकासको लागि आवधिक, वार्षिक रणनितिगत विषय क्षेत्रगत मध्यकालिन तथा दिर्घकालिन विकास योजना बनाई उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, स्थानिय स्रोत साधन र सिपको अधिकतम प्रयोगहुने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने र दिगो विकासमा टेवा पुग्ने खालका परिमाणमुखी योजना छनौट गर्नुपर्ने उल्लेख छ । यस कार्यालयको वार्षिक निति तथा कार्यक्रम अध्ययन गर्दा अधिकांश तीन लाख रुपैंया भन्दा तलका आयोजना छनौट गरी वितरणमुखी कार्यक्रम तयार गरेको देखियो । ऐनमा व्यवस्था भए वमोजिम परिणाम देखिने खालका दिगो विकासलाई टेवा पुग्ने योजना छनौट गरी कार्यक्रम सञ्चालन गर्न नगरपालिकाको ध्यान जानु पर्दछ । | | |
| २५. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । | | |
| २६. | **चालु प्रकृतीको खर्चः-**महालेखा नियन्त्रक कार्यालयले २०७४ कार्तिकमा जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या-२०७४ अनुसार पूँजीगत खर्चको वर्गीकरणभित्र कुनै संरचना निर्माण, मेशिन औजार तथा उपकरण खरिद, सवारी साधन खरिद, सुरक्षा उपकरण खरिद, पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने पूँजीगत सुधारका खर्चहरु समावेश हुने व्यवस्था छ । तर नगरपालिकाले सो भन्दा फरक हुने गरी विभिन्न क्लवलाई आर्थिक सहयोग, खेलकुद सामग्रि वितरण जस्ता चालु प्रकृतिका कार्यक्रमहरुमा भुक्तानी गरेको रु. २,७५,०००/-पनि पूँजीगत कार्यक्रममा समावेश गरेको छ । यसरी चालु प्रकृतिका कार्यमा पूँजीगत बजेट खर्च गर्दा एकातर्फ पूँजीगत कार्यमा भएको खर्चको यथार्थ तस्वीर चित्रण नहुने तथा पूँजीगत सम्पत्ति निर्माण तथा सिर्जनामा पनि योगदान नपुग्ने हुन्छ । | | |

| भौ.नं.र मिति | गैर सरकारी संस्था | रकम |
|---|---|---|
| २३७-०७५/१२ | स्वतन्त्र विद्यार्थी यूनियन | १५००० |

| | | |
|---|---|---|
| २९६-०७६/२/२३ | सफल यूथ क्लव | ६०००० |
| २९७-०७६/२/२३ | लेटाङ्ग एक्स्पो | १५००० |
| ३५०-०७६/३/१५ | लेटाङ्ग पुस्तकालय | ५०००० |
| ३५१-०७६/३/१८ | सफल यूथ क्लव | १००००० |
| १७७-०७५/११/२२ | नौमती वाजालाई ड्रेश खरिद | १५००० |
| २१५-०७५/१२/२४ | लाफा क्लव | २०००० |
| | **जम्मा** | **२,७५,०००/-** |

२७. **सिमेन्टः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ । नगरपालिकावाट तालिम केन्द्र मार्ग निर्माण, लोखरा झोलुङ्गे पूल वाटो मर्मत काम, वाल कोशिप मार्ग निर्माण र लेटाङ्ग मेन वजार कल्भर्टको लागत अनुमान तयार गर्दा ओ.पि.सि.सिमेण्ट प्रयोग गर्ने गरी तयार गरेको छ । स्विकृत दर रेट अनुसार ओ.पि.सि. सिमेण्टको भन्दा पि.पि.सि. सिमेन्टको ५० के.जि.को प्याकेटमा मुल्यमा मूल्य अभिवृद्धि कर समेत रु.११३/- ले कमि रहेको छ । उक्त निर्माण कामका लागि उपभोक्ता समितिले पि.पि.सि. सिमेन्ट खरिद गरेको विल पेश गरेको छ । नर्म्स अनुसार उक्त योजनामा भएको विभिन्न काममा ओ.पि.सि. सिमेन्ट प्रयोग गर्नु पर्ने हुन्छ । अतः ओ.पि.सि. सिमेन्ट प्रयोग गर्ने गरी तयार भएको लागत अनुमानको काममा पि.पि.सि. सिमेन्ट प्रयोग भएको कामको भुक्तानी गर्दा बढी रु. ५८,६४७/- भुक्तानी भएको रकम अशुल गर्नु पर्ने रु. ५८६४७/-

| भौ.नं. | योजना | सप्लाई कर्ता | पि.पि.सि. सिमेण्ट प्याकेट | रकम |
|---|---|---|---|---|
| १५६-०७५/११/२ | तालिम केन्द्र मार्ग निर्माण | महालक्ष्मी सप्लायर्स | २२० | २४८६० |
| २९४-०७६/२/१५ | लोखरा झोलुङ्गे पूल वाटो मर्मत | महालक्ष्मी सप्लायर्स | २४ | २७१२ |
| १३४-०७५/१०/३ | वाल कोशिप मार्ग निर्माण | महालक्ष्मी सप्लायर्स | २५० | २८२५० |
| ७१-०७५/८/१७ | लेटाङ्ग मेन वजार कल्भर्ट | पुर्णिमा सप्लायर्स | २५ | २८२५ |
| | **जम्मा** | | | **५८,६४७/-** |

२८. **बढी भुक्तानी**–नगरपालिका क्षेत्रमा नगरको विकास निर्माणको काममा खोलाको ग्राभेल खरिद गर्नु नपर्ने व्यवस्था रहेको छ । यस नगरपालिकावाट विभिन्न बाटोमा ग्राभेलको काम गरी रकम भुक्तानी भएको छ । तर उक्त बाटोको कामको लागि तयार गरेको लागत अनुमानमा ग्राभेल खरिदको रकम समेत समावेश गरी दर निर्धारण गरेको छ । खरिद गर्नु नपर्ने सामानको ढुवानी लागतको मात्रको आधारमा देहाय अनुसारको दर कायम गरी भुक्तानी नगरी खरिदको रकम समेत समावेश गरी तयार गरेको दरले भुक्तानी भएको छ । अतः खरिद गर्नु नपर्ने सामानको खरिद मुल्य समेत समावेश भएको दरले बढी भुक्तानी भएकोमा अन्य योजनामा ढुवानी दर मात्र समावेश गरी तयार पारेको दर अनुसार उपभोक्तालाई भुक्तानी गरेको छ । तर देहाय अनुसारको योजनामा ग्रावेलको मुल्य समेत समावेश गरी तयार गरेको दरले रु. ३१,०८,५२३ /- भुक्तानी गरेको देखिएकोले ग्रावेलको मुल्य समावेश गर्न मिल्ने प्रमाण पेश गरी नियमित गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. ३१०८५२३/-

| **भौ.नं.** | **योजना** | **ग्राभेल परिमाण** | **ढुवानी दर** | **भुक्तानी दर** | **बढी दर** | **रकम** |
|---|---|---|---|---|---|---|
| ८६-०७५/८/२६ | मोरङ्गी र तेलीखोला सडक ग्राभेल | ३१.१७९ | ३९४.१६ | ८९४.१ | ४९९.१४ | १५५८७ |
| ६६-०७५/८/१३ | चौरगोडा पचिम कृषि सडक | २५७.३७ | ३९१.२० | ८९१.२० | ५०० | १२८६८५ |
| १६५-०७५/११/१७ | शान्ति मार्ग वडा नं.७ | १९२ | ३९१.४२ | ८९४.१० | ५०२.६८ | ४६२४६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७८-०७५/११/२२ | गोदावारी टोल शाखा वाटो | २६३.२५ | ३६२.४६ | ८६५.१४ | ५०२.६८ | १३२३३० |
| १८०-०७५/११/२७ | जम्दार टोल सिद्धार्थ टोल | ३१५ | ३९१.४२ | ६३२.०६ | २९.३६ | ९२४८ |
| १८३-०७५/१२/३ | तेलीखोलाडिल देखि च्यानडाडा | २८२ | ३४७.९८ | ८५०.६६ | ५०२.६८ | १४१७५५ |
| २२९-०७५/१२/२६ | गोदावारी टोल शाखा वाटो | १९०.०१ | ३६२.४६ | ९०२.७९ | ५४०.३३ | १०२६६८ |
| २५०-०७६/१/६ | चुहान कित्ता मार्ग | २१५.१ | ३७४.०४ | ८७६.७२ | ५०२.६८ | १०८१२६ |
| २६०-०७६/२/९ | गुवावारी प्रगतीटोल रिङ्ग रोड | २०२.५ | ३७४.०४ | ८१८.१६ | ४४४.१२ | ८९९३४ |
| २६२-०७६/२/९ | सिद्धार्थ कृषि लोक मार्ग | २७० | ३६२.४६ | ८६५.१४ | ५०२.६८ | १३५७२३ |
| २६४-०७६/२/९ | अजम्वरी मार्ग निर्माण | ३०० | ३९१.४२ | ६१४.२१ | २२२.७९ | ६६८३७ |
| २६७-०७६/२/९ | सयपत्री मार्ग निर्माण | ३१४.६८ | ३९१.४२ | ८३६ | ४४४.५८ | १३९९०० |
| २७१-०७६/२/२२ | वडा नं२को शाखा वाटो ग्राभेल | ११५ | ३९१.४२ | ८३६ | ४४४.५८ | ५११२६ |
| २७५-०७६/२/१३ | सिर्जनसिल वाटो ग्राभेल | १६२ | ३८८.५२ | ८९१.२ | ५०२.६८ | ८१४३४ |
| २८२-०७६/२/१५ | प्रगती चुरेफेदी मार्ग ग्राभेल | ३८३.५९ | ३९१.४२ | ८९१.४२ | ५०० | १९१७९५ |
| २८४-०७६/२/१५ | तेलीखोला डिल देखि धान खेती स्कुल सम्म ग्राभेल | १९८ | ३३६.४ | ८३९.०८ | ५०२.६८ | ९९५३० |
| ३०५-०७६/२/२६ | कृषिमार्ग बाटो निर्माण | ४१२.१७ | ३६२.४६ | ८६५.१४ | ५०२.६८ | २०७१८९ |
| ३१३-०७६/२/२७ | भुपुटोल सडक निर्माण | १९१२.५ | ६३३.८९ | ७०२.९९ | ६९.१ | १३२१५३ |
| ३१७-०७६/३/२ | चिनारीमार्ग | १०३.९५ | ३९१.४२ | ८९४.१ | ५०२.६८ | ५२२५३ |
| ३२०-०७६/३/३ | आलेटोल मार्ग | ८१ | ३९१.४२ | ८७४ | ४८२.५८ | ३९०८८ |
| ३५१-०७६/३/१९ | तालिम केन्द्र हुदै बुद्ध मार्ग | ५१३.७५ | ३७६.९४ | ८७९.६२ | ५०२.६८ | २५८२५१ |
| ३६७-०७६/३/२३ | बेलडाडा मार्ग | १३५.८५ | ३७६.९४ | ८७९.६२ | ५०२.६८ | ६८२८९ |
| ३७३-०७६/३/२४ | राजारानी मार्ग | ४५१.७१ | ३९१.४२ | ८९१.१ | ४९९.६८ | २२५७१० |
| ३७५.०७६/३/२४ | मिलन चौक ग्राभेल | ८९.१८ | ३९१.४२ | ८९१.१ | ४९९.६८ | ४४५६१ |
| ३८०-०७६/३/२ | लोखरा राजारानी आइतवारे मुल सडक | २१४.१ | ३९१.४२ | १५१०.५ | १११८.६३ | २३९४९८ |
| **समानिकरण चालु तर्फ** | | | | | | |
| ३७६-०७५/१०/९ | धामिर्क मार्ग सन्देश मार्ग बाटो | २४७.३७ | ४०३ | ९०५.७ | ५०२.७ | १२४३५३ |
| ५५३-०७५/१२/१८ | जातो निर्माण समिति बाटो स्तरेन्नती | ९५.६३ | ३९१.४२ | ८९४.१ | ५०२.६८ | ४८०७१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५७-०७५/१२/१८ | शिक्षा ज्योती मार्ग बाटो | २५५ | ४०३ | ९०५.६८ | ५०२.६८ | १२८१८३ |
| | **जम्मा** | | | | | **३१०८५२३** |

२९. **बढी भुक्तानी**:-आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ३ अनुसार खर्च गर्दा बिल भर्पाई सहितको लेखा राख्नु पर्ने उल्लेख छ। नगरपालिकाले यस वर्ष त्रिशुली बाटो निर्माण, नमुना मार्ग कालोपत्रे, संगमटोल वाटो निर्माण, किर्तिमानी विपद व्यवस्थापन, शान्ति भगवती मा.वि.पछाडी कल्भर्ट र पापुगौडा पश्चिम देवकोटा मार्गको काम सम्पन्न गरी रु. २८,१९,६८०/- भुक्तानी गरेको छ । जम्मा लागत अनुमान रु.४०,५३,०१७/-को काम कन्टिन्जेन्सि कट्टा पछि कार्यालयले रु.२७,३०,०००/- मात्र वेहोर्ने सम्झौता भएको छ । साथै सम्झौताको वि.ओ.क्यू.भन्दा कम परीमाणको काम भएको ले सम्झौता अनुसारको अनुपातले जम्मा सम्पन्न काम रु.३८,५४,८५४/- को कार्यालयले रु.२५,८६,०३२/- मात्र भुक्तानी गर्न मिल्दछ । अतः कम काम भएको अवस्थामा सम्झौता को अनुपात भन्दा बढी भुक्तानी भएको रकम अशुल गर्नु पर्ने रु. २३३६४८/-

| भौ.नं. | योजना | ल.ई. | सम्झौता | | सम्पन्न काम | भुक्तानी गर्नुपर्ने | भुक्तानी भएको | बढी |
|---|---|---|---|---|---|---|---|---|
| | | | उ.स.ले व्यहोर्ने | २.५ प्रतिशत कन्टिन्जेन्सी कट्टा गरेर न.पा.ले व्यहोर्ने | | | | |
| १२ | त्रिशुली बाटो निर्माण | २३२८४६ | ३२८४६ | १९५००० | २२७८४६ | १९०८१२ | १९५००० | ४१८८ |
| २२ | नमुना मार्ग कालोपत्रे | ११५००० | १५००० | ९७५०० | ११३०२० | ९५८२१ | ११०१९५ | १४३७४ |
| ३६ | संगमटोल वाटो निर्माण | २४३१६७० | ९३१६७० | १४६२५०० | २३९४१६० | १४३९९४० | १४८६९८५ | ४७०४५ |
| ३८ | किर्तिमानी विपद व्यवस्थापन | ३९१००० | ९१००० | २९२५०० | २६५५४३ | १९८६४७ | २९२५०० | ९३८५३ |
| ४९ | शान्ति भगवती मा.वि.पछाडी कल्भर्ट | ६३४७०५ | १३४७०५ | ४८७५०० | ६०७१८९ | ४६६३६३ | ५००००० | ३३६३७ |
| ६३ | पापुगौडा पश्चिम देवकोटा मार्ग | २४७७९६ | ४७७९६ | १९५००० | २४७०९६ | १९४४४९ | २३५००० | ४०५५१ |
| | जम्मा | ४०५३०१७ | १२५३०१७ | २७३०००० | ३८५४८५४ | २५८६०३२ | २८१९६८० | २३३६४८ |

३०. **जिन्सी व्यवस्थापनः-**(भौ.नं.८-०७५/५/३१)आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४६ अनुसार जिन्सी मालसामान तथा तत्सम्वन्धि स्रेस्ता उपलब्धि अधिकृत वा भण्डार अधिकृत वा भण्डार सहायकको जिम्मामा रहने र कार्यालय प्रमुखले कार्यालयमा जुनसुकै प्रकारले प्राप्त हुन आएका जिन्सी माल सामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गर्नु पर्ने उल्लेख छ । यस कार्यालयमा यस वर्ष समेत खरिद भएका प्रोजेक्टर, प्रोजेक्टर पर्दा, एक्स्टेण्सन, एच.डि.एम.केवल, स्पिकर, इन्भर्टर बैट्री,पंखा, हयूम पाइप, गलैंचा, स्टिल दराज,कुर्सी,कम्प्यूटर टेवल जस्ता सामान खरिद गरी रु.२१,६६,६१६/- भुक्तानी गरेको छ । उक्त सामान नगरपालिकाको जिन्सी खातामा आम्दानी नगरी सम्वन्धितं वडा कार्यालयमा आफ्नै माग फाराम एवं दाखिला रिपोर्ट खडा गरी आम्दानी गर्ने गरेको देखियो । यसरी नगरपालिकाको जिन्सी खातामा आम्दानी खर्च जनाउने नगरेको सामानको यथार्थ विवरण जिन्सी निरीक्षण प्रतिवेदनमा समेत उल्लेख नहुने हुनाले नगरपालिकाको जिन्सी कारोवारको यथार्थ अवस्था अवगत हुन सक्तैन । अतः नगरपालिकाले जिन्सि खाताक एकिकृत जिन्सी खाता तयार गर्नु पर्दछ ।

| **सि.नं** | **भौ.नं.** | **वडा नं.** | **सामान** | **रकम** |
|---|---|---|---|---|
| १ | ८-०७५/५/३१ | वडा कार्यालय | प्राजेक्टर १,प्रोजेक्टर पर्दा १, एक्स्टेण्सन १ र एच.डि.एम.केवल १ | ६०००० |
| २ | १०८-०७५/९/१६ | ६ | प्रोजेक्टर १,स्पिकर १ | ७४००० |
| ३ | ११२-०७५/९/१७ | ६ | इन्भर्टर बैट्री २ | ७१००० |
| ४ | १७२-०७५/११/९ | | पंखा समेत | १५२३०५ |

| | | | | |
|---|---|---|---|---|
| ५ | २५२-०७६/१/८ | | ह्यूम पाइप ७ | ९८३०० |
| ६ | २५९-०७६/२/९ | | गलैंचा, स्टिल दराज,कुर्सी,कम्प्यूटर टेवल | १५६८४४ |
| ७ | ३५२-०७६/३/१९ | ८ | प्रोजेक्टर समेत | १३९१४२ |
| ८ | ३५७-०७६/३/१९ | | ह्यूम पाइप ५८ | ८१४४८५ |
| ९ | १०-०७५/५/३१ | ८ | ह्यूम पाइप | ३००००० |
| १० | १५७-०७५/११/५ | न्यायिक समिति | अफिस टेवल,चियर,दराज समेत | ३००५४० |
| | | | जम्मा | २१,६६,६१६/- |

३१. **अन्य क्षेत्रमा खर्च :-** यस वर्ष नगरपालिकाले महिला वचत तथा ऋण सहकारी वारङ्गी,सामुहिक वन उपभोक्तामहासंघ, लाख महिला सहकारी समुह र नीजि कलेज जस्तो संस्थामा रु.९,३०,५८५/- आर्थिक सहयोग गरेको पाइयो । यस्ता नाफामुलक उद्देश्यले स्थापना भएका निजि संस्थामा नगरपालिकाले लगानी गरेको मनासिब देखिएन । अतः उत्पादनमुलक र बढी जनसंख्या लाभान्वित हुन सक्ने योजनामा लगानी गर्न नगरपालिकाको ध्यान जानु पर्दछ ।

| सि.नं | भौ.नं. | संस्था/सहकारी | काम | रकम |
|---|---|---|---|---|
| १ | ५२-०७५/८/२ | महिला वचत तथा ऋण सहकारी वारङ्गी | भवन मर्मत | ६५००० |
| २ | ५९-०७५/८/१२ | सामुहिक वन उपभोक्तामहासंघ | सहयोग | ५५५८५ |
| ३ | ३०९-०७६/२/२६ | लाख महिला सहकारी समुह | भवन मर्मत | १००००० |
| ४ | ३६९-०७६/३/२४ | लेटाङ क्याम्पस | विभिन्न | ६००००० |
| ५ | २८५-०७६/२/१५ | नेपाल मगर संघ | प्रशिक्षण | ७०००० |
| ६ | २९५-०७६/३/२१ | लेटाङ्ग जेसिज | होली कार्यक्रम | ४०००० |
| | | | | ९,३०,५८५/- |

३२. **सवारी साधन खरिदः-**यस वर्ष नगरपालिकाले रु.२०३०००/- को स्कुटर खरिद गरी भुक्तानी गरेको छ ।

३३. **विद्यालयको खर्चः-** विद्यालयकालागि आवश्यक पर्ने शिक्षक तलव सहित सम्पुर्ण रकम संघिय सरकारवाट बेहोरिने व्यवस्था छ । यस वर्ष नगरपालिकावाट देहाका विद्यालयहरुलाई गेट निर्माण, विद्यालय मर्मत, फर्निचर खरिद, कम्प्यूटर प्रयोगशाला कक्ष निर्माण, साइकल स्टैण्ड, रङ्गरोगन, पुस्तक खरिद जस्ता कार्यकालागि रु.२५,७०,२६६/- खर्च लेखेको छ । संघिय निकायवाट समेत बेहोरिने यस्ता प्रकारका कार्यमा नगरपालिकावाट समेत खर्च गरींदा एउटै कामका लागि दोहोरो खर्च लेखेको हुन सक्तछ । दोहोरो खर्च नहुने व्यवस्था मिलाई खर्च गर्ने आधार नगरपालिकाले अवलम्वन गर्नु पर्दछ ।

| भौ.नं र मिति | विद्यालयको नाम | काम | रकम |
|---|---|---|---|
| २१-०७५/६/१५ | शान्ति भगवती उच्च मा.वि. | जस्ता पाता | ४००००० |
| २९-०७५/६/२२<br>३०-०७५/६/२२ | लक्ष्मि मा.वि. | भुइ ढलान र अन्य | २९०००० |
| | | जम्मा | ६९००००/- |

३४. **अनुत्पादक क्षेत्रमा खर्च :-** नगरपालिकावाट योजनाको छनौट गर्दा उत्पादनमुलक, रोजगार सिर्जना हुने, बहुजन हित संग सरोकार राख्ने संग सम्वन्धित योजनाको छनौट गर्नु पर्दछ । यस वर्ष नगरपालिकाले मन्दिर निर्माण, गुम्वा, चर्च मर्मत, घेरावारा र सहयोग जस्ता कार्यमा रु.२६,१८,०००/- भुक्तानी गरेको छ । उत्पादनमुलक नभएको, रोजगारी सिर्जना नहुने मन्दिर निर्माण जस्ता क्षेत्रमा अत्यधिक लगानी गरेको नियम सम्मत भएन । अतः त्यस्ता योजनामा लगानी गर्दा

| | | |
|---|---|---|
| | आयोजनावाट नगरपालिका एवं सो क्षेत्रका जनतालाई दीर्घकालीन प्रतिफल समेतको विचार गरी लगानी गर्नुपर्ने देखिन्छ । | |

| सि.नं | भौ.नं. | योजना | रकम |
|---|---|---|---|
| १ | १८-०७५/६/१४ | राधाकृष्ण मन्दिर | ५०००० |
| २ | २८-०७५/६/२१ | शिरीजंगा शालिक निर्माण | २००००० |
| ३ | १०४-०७५/९/१३ | किरांत याकथुम चुम्लुङ गाउ शाखा | ८०००० |
| ४ | १२४-०७५/९/२९ | नेपाल चर्च अफ गड एकेलेसिया | ६०००० |
| ५ | १४३-०७५/१०/१५ | नेपाल मानव धर्म सेवा समिति | ३३००० |
| ६ | १४६-०७५/१०/१५ | छठपुजा समारोह समिति | २१००० |
| ७ | १४६-०७५/१०/१६ | धिमाल मन्दिर | २००००० |
| ८ | १५०-०७५/१०/१८ | किरात गूमा साम्फाङ माङहिम | २५००० |
| ९ | १५३-०७५/११/१ | पञ्चकन्या कालिका मन्दिर | १००००० |
| १० | १५८-०७५/११/५ | देवीथान मन्दिर | १५०००० |
| ११ | १६०-०७५/११/६ | राजारानी मन्दिर | ६००००० |
| १२ | १६२-०७५/११/७ | प्रसंसा चर्च | १५०००० |
| १३ | १६३-०७५/११/७ | रानीपानी देवी मन्दिर | ५०००० |
| १४ | १६४-०७५/११/७ | बौद्ध गुम्वा निर्माण | ८०००० |
| १५ | १९४-०७५/१२/१८ | पञ्चकन्या कालिका मन्दिर | १००००० |
| १६- | २०७-०७५/१२/२१ | गणेश मन्दिर | १००००० |
| १७ | २०९-०७५/१२/२१ | इसाइ प्रभुको मण्डली | ५०००० |
| १८ | २६५-०७६/२/२९ | स्वर्गिक मार्ग संघ नेपाल | ४०००० |
| १९ | २७३-०७६/२/१२ | बौद्ध गुम्वा | ५०००० |
| २० | ३०८-०७६/२/२३ | गणेश मन्दिर | १००००० |
| २१ | ३१२-०७६/२/२७ | कुम्लेटार प्रसंसा चर्च | ८०००० |
| २२ | ३१४-०७६/३/१ | देवीथान मन्दिर | १००००० |
| २३ | ३४७-०७६/३/१५ | नेपाल मगर बौद्ध गुम्वा | ९०००० |
| २४ | ३२९-०७६/३/१५ | नेपाल चर्च अफ गड | ३९००० |
| २५ | ३४८-०७६/३/१५ | नेपाल मगर बौद्ध गुम्वा | ५०००० |
| २६ | ३७७-०७६/३/२५ | कात्तिके इसाइ संस्था | २०००० |
| | | जम्मा | २६,१८,०००/- |

| | | |
|---|---|---|
| ३५. | **कार्य स्विकार प्रतिवेदन नभएको**–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण काम स्विकार्दा सो को प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ । नगरपालिकाले कार्यालय हातामा मोटर साइकल पाकिङ निर्माण गरी रु.२,४६,४०४/- भुक्तानी गरेको छ । कार्य सम्पन्न भएको उक्त कामको कार्य स्विकार प्रतिवेदन तयार गरेको छैन । कार्य स्विकार प्रतिवेदन तयार नगरी भुक्तानी भएको रकम अनियमित भएको रु. | २४६४०४/- |
| ३६. | **उपभोक्ता समितिवाट कालोपत्रेको कामः**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत् गराई रु.२२,७१,०००/-भुक्तानी गरेको छ । कालोपत्रे लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य अनुभव विहिन उपभोक्ता समितिवाट गराउदा गुणस्तर एवं दिगोपनाको समस्या हुन सक्दछ । अतः यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने | |

| | | |
|---|---|---|
| | देखिन्छ । | |

| भौ.नं. | योजना | रकम |
|---|---|---|
| २५५-०७६/१/८ | लेटाङ कानेपोखरी सडक कालोपत्रे | ६५०००० |
| ३११-०७६/२/२६ | वडा नं.२ को मेन लाइन कालोपत्रे | ५००००० |
| ३१३-०७६/२/७ | भु पु टोल कालोपत्रे | ११२१००० |
| | जम्मा | २२,७१,०००/- |

| | | |
|---|---|---|
| ३७. | **गत वर्षको विजक–** नगरपालिकाले यस वर्ष जातेली ब्रदर्शवाट ५५२ गोटा जस्तापाता खरिद गरी रु.४,९९,८५५/- भुक्तानी गरेको छ । भुक्तानीको लागि जातेली ब्रदर्शले जारी गरेको विजकको मिति २०७५/३/२२ उल्लेख छ । चालु वर्षको खरिद कारोवारको लागि चालु वर्षको विजक जारी हुनु पर्नेमा गत वर्षको विजक भएको भुक्तानी अनियमित भएको छ । उक्त कारोवारको कर समायोजन प्रमाण पेश गरी नियमित गर्नु पर्ने रु. | ४९९८५५/- |
| ३८. | **जाली खरिद–**(भौ.नं.५–०७५/५/१९)ग्यावियन जाली ३*१*१ र २*१*१ को जम्मा १५५४ व.मि. खरिद गरी शाह निर्माण सेवालाई मू.अ.कर समेत रु. ४९६९५३/- भुक्तानी भएको छ । उक्त जाली खरिद गर्न प्रस्ताव आह्वान हुदा परेको ३ प्रस्ताव मध्ये इरिना निर्माण सेवाको रु.१८४/-,श्री श्रीपुजा कन्ष्ट्रक्सनको रु.१८३/५० र शाह निर्माण सेवाको रु.२८३/- प्रति व.मि.का दरले उपलब्ध गराउने उल्लेख छ । जस अनुसार सवैभन्दा कम दर श्री श्रीपुजा कन्ष्ट्रक्सन औरावरी, सुनसरीको रु.१८३/५० भएको देखिन्छ । सवभन्दा कम दर स्विकार गर्ने श्री श्रीपुजा कन्ष्ट्रक्सन औरावरी, सुनसरीसंग सम्झौता गरी उक्त परिमाणको जाली खरिद गरी मू.अ.कर समेत रु. ३२२२२९/-भुक्तानी नगरी सवैभन्दा बढी दर कवोल गर्ने शाह निर्माण सेवावाट खरिद गरी बढी रु.१,७४,७२४/-भुक्तानी खर्च गरेको छ । अतः कम दर कवोल गर्ने पार्टीवाट खरिद नगरी बढी दरले खरीद गरेको रकम अशुल गर्नु पर्ने रु. | १७४७२४/- |
| ३९. | **ढुवानीः**-(भौ.नं.१०–०७५/५/३१)वडा नं. ८ मा विद्युत पोल ढुवानी गरेको भनी रु.३५,०००/- भुक्तानी गरेको छ । उक्त वडामा कति परिमाणको र कहिले खरिद भएको विद्युत पोल ढुवानी गरेको हो सोको प्रमाणित गर्न मिल्ने प्रमाण संलग्न नराखी खर्च लेखेको रकम अनियमित भएको रु. | ३५०००/- |
| ४०. | (भौ.नं.३४र ३५–०७५/५/३१)कार्यालयको कम्पाउण्ड घेरावाराको काम गरेको भनि शारदा हार्डवेयर र अशेष श्रेष्ठ लाई १,६७,८३०/- भुक्तानी गरेको छ । उक्त कार्यको नापी किताव, प्राविधिक मुल्यांकन र कार्य सम्पन्न प्रतिवेदन संलग्न गरेको छैन । प्राविधिक मुल्यांकन संलग्न नगरी खर्च लेखेको छ । | |
| ४१. | **अवण्डा -** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ । यो वर्ष नगरपालिकाले निति तथा कार्यक्रम तयार गर्दा विपद व्यवस्थापन कार्यक्रममा अवण्डाको रुपमा एकमुष्ठ विनियोजन गरेको छ । नगर सभावाट विस्तृत रुपमा योजनागत रकम बाँडफाँड नगरी अवण्डाको रुपमा बजेट विनियोजन गरी कार्यपालिकाको निर्णयको आधारमा योजना थपघट गर्ने कार्य बजेट सिद्धान्त विपरीत देखिएको छ । साथै उक्त कार्यक्रमवाट वर्षै भरी विपदको काम गरेको देखिन्छ । विस्तृत योजनागत बजेट बाँडफाँड गरी नगर सभावाट पारित भएका योजनामा मात्र बजेट खर्च गर्ने तर्फ नगरपालिकाले ध्यान दिनु पर्दछ । विपद व्यवस्थापन कार्यक्रमवाट खर्च भएका केही उदाहरण देहाय अनुसार छः- | |

| भौ.नं. | योजना | रकम |
|---|---|---|
| ३-०७५/५/११ | लोखरा राजारानी आइतवारे जोड्ने सडक | ३८८६८४ |
| ६-०७५/५/२८ | बुद्ध मार्ग र सिद्धार्थ लाइन जोड्ने वाटो | १८४५७० |
| ७-०७५/५/२८ | तुर्के खोलामा च्यानल निर्माण | ३२५००० |
| ८-०७५/५/३१ | विपद व्यवस्थापनको लागी प्रोजेक्टर खरिद | ६०००० |
| १०९-०७५/९/१६ | रुपनारायण लिम्वुलाइ विपद सहयोग | १५६५८ |
| २३५-०७६/१/३ | पथरी जाने सडक मर्मत वडा नं.९ | ६००००० |

| | | |
|---|---|---|
| | जम्मा | १५७३९१२ |

४२. आर्थि विधि नियमावली, २०६४ को नियम ३५ अनुसार रकम खर्च गर्नु अघि खर्च गर्न निकासाको आदेश प्राप्त भएमा मात्र खर्च गर्न सकिने व्यवस्था रहेको छ । निम्न भौचर नं तथा मितिबाट निम्न व्यक्तीलाई जनसहभागिताको रकम फिर्ता गरेको भनि निबेदनको आधारमा रकम फिर्ता गरेको देखियो । के कस्तो कामको लागि उक्त रकम राखेको थियो सोको अभिलेख कार्यालयमा राखेको देखिएन । अभिलेख तथा कारण समेत उल्लेख नगरि निम्नानुसार रकम फिर्ता गरेको छ ।

| भौ नं र मिति | भूक्तानी लिनेको नाम | भूक्तानी रकम |
|---|---|---|
| २,२०७५.४.३० | नमुना मार्ग कालोपत्रे | ८०००० |
| ४,२०७५.५.१३ | हाटखोला बुद्धमार्ग कालोपत्रे निर्माण उपसमिति | १३९००० |
| | **जम्मा** | **९३९०००** |

४३. **निर्माण सामग्री भरपाईबाट खरिद** : खोला जन्य निर्माण समग्री मुल्य अभिबृद्धिकर लाग्ने सामान रहेकोछ । कार्यालयले लागत अनुमान गर्दा मुल्यअभिबृद्धि कर सहितको लागत अनुमान गरेको र उपभोक्ताले विजक जारी गर्दा रु.२०,०००।- मा ननाघ्ने गरि सैयौ वटा भर्पाइको आधारमा खोला जन्य पदार्थ खरिद गरि ल्याएको भनि साधा भरपाईको आधारमा कार्यालयले खर्च लेखेको पाईयो । मूल्य अभिबृद्धि कर लाग्ने सामानको साधा विल समावेस गरि भूक्तानी भएकोले आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत अग्रिम कर असुल हुनु पर्नेमा घटी कर कट्टा गरेकोले थप असुल हुनु पर्ने रु. ६८१३६६/-

| भौ.नं तथा मिति | उपभोक्त समितिको नाम | भूक्तानी रकम | कट्टा गरेको रकम | थप असुल गनु पर्ने |
|---|---|---|---|---|
| ३ २०७५.४.३० | त्रिशुली बाटो नि. उ.स. | २३०२००० | ३७३२० | ३०७९८० |
| ७ २०७५.६.२२ | पैतिस बिघे कालो पत्रे उ.स. | २४१०००० | ६०११४ | ३०१३८६ |
| ३ २०७५.४.३० | त्रिशुली बाटो नि उ.स मेशिन भाडा | ११२०००० | ४०००० | ७२००० |
| | | | | **६८१३६६** |

४४. **गत बर्षको भूक्तानी**:कार्यालयले गत आर्थिक बर्ष २०७४।७५मा निर्माण सम्झौता भएकोमा निम्न कामको तपशिल अनुसार भूक्तानी यस बर्ष भएको देखियो । गत बर्षको सम्झौता भएको रकम सभाबाट समेत अनुमोदन भएको देखिएन । नगरकार्यपालिकाको विभिन्न मितिको निर्णय अनुसार उक्त सम्झौता बमोजिम को बाँकी भूक्तानी गरेको देखियो । यस संग सम्वन्धित थप व्यहोरा निम्नानुसार रहेका छन् ।

| भौनं मिति | उपभोक्ता समिति | लागत अनुमान | यस बर्ष भूक्तानी रकम |
|---|---|---|---|
| ३,२०७५।४।३ | त्रिशुलीबाटो नि उ.स | ५५०५६८३. | ३१९२८०८ |
| ५,२०७५।५।१४ | विधुत विस्तार वडा नं १ | २९६४७७० | २५००००० |
| ६,२०७५।५।१९ | नगरपारिका भवन तल्ला थप | ४४५३००२.८६ | १०१३०२७.४७ |
| ९,२०७५।७।१८ | भूईतल्ला पार्टिसन र शौचालय | २१०००५२.७३ | ९७१०८४.५७ |
| ७ २०७५।६।२२ | पैतिस बिघे कालो पत्रे उ.स. | ९९६०८७९.२१ | ६१४५००० |
| ८,२०७५।८।२४ | लेटाङ्ग ८ कालोपत्रे विल भूक्तानी | ९९६०४५२ | ३५८७५८ |
| ११ २०७५।७।१८ | वसपार्कमा शौचालय निर्माण | १३८४९६५ | १२५८१६२ |
| १२ २०७५।८।२५ | लेटाङ्ग कानेपोखरि सडक मर्मत | - | १६०२२१७ |
| | **जम्मा** | | **१७०४१०५७.०४** |

४५. भौ नं ६ मिति २०७५।५।१९ बाट नगरपालिका भवन निर्माण तेस्रो तल्लाको काम भएकोमा कुल रु.४४,५३,००२।८६ मुल्य अभिबृद्धि कर सहित सम्झौता भएकोमा यस बर्ष रु. १०,१३,०२७।४७ सहित कूल रु.४८,३३,०९८।४२ भूक्तानी भएको देखियो सम्झौता भन्दा रु.४,४०,०९५।५६ भूक्तानी गरेको रकम निर्माण व्यवसायीबाट असुल हुनु पर्ने रु. ४४००९६/-

४६. **उपभोक्ता समितिद्वारा खरिद कार्य** :सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता,

| | | |
|---|---|---|
| | गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्धेश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । कार्यालयले को ट्रान्सफर्मर उपभोक्ता समिति गठनगरि इष्टर्न ट्रान्सफर्मर इन्डष्ट्रिज वाट उपभोक्ता समितिका नाममा खरिद गरेको छ । | |
| ४७. | **वैठक भत्ता:- (२०७/२०७६।३।२७)** अपाङ्गता परिचय पत्र वितरण कार्य २०७६।३।२३ मा १ दिन भएको देखिन्छ । कार्यालयले अपाङ्गता परिचय पत्र वितरण गरेको १ दिनको रु.१२०००। भत्ता खर्च लेख्नु पर्नेमा रु.३६०००/- खर्च लेखेकोले वढी खर्च लेखेको रकम रु.२४०००/- र प्रतिवेदन लेखन खर्च रु.१०००/- लेख्नुपर्नेमा ३०००/- खर्च लेखेकोले वढी रकम रु.२०००/- गरी जम्मा रु.४१०००/- मा कर कट्टा पछीको रकम रु. २२,१००/-असुल गर्नुपर्ने रु. | २२१००/- |
| ४८. | **कार्यक्रम वेगर:- (२०७/२०७६।३।२७)** कार्यालयले वालवालिका माथि हुने शारीरिक मानसिक दण्ड सजाय तथा यौन दुर्व्यवहार न्यूनिकरण कार्यक्रम संचालन गरेको भनी फ्लेक्स प्रिन्ट व्यानर तयार गरेको भनी रु.२९९९५/- खर्च लेखेकोमा उक्त कार्यक्रम संचालनको लागि उपस्थीत व्यक्तिको हाजिर , माइन्युट र प्रतिवेदन पेश नभएकोले कार्यक्रम भएको हो भनी यकिन गर्न नसकिएकोले असुल गर्नुपर्ने रु. | २९९९५/- |
| | **राष्ट्रपति चुरे कार्यक्रम** | |
| ४९. | तेली खोला तटवन्ध कार्यक्रम अन्तर्गत रु.९३,३६,५९२।-को लागत अनुमान गरि उपभोक्ता समिति संग सम्झौता भएको थियो । कुल निर्माण कार्य रु.९३,१०,०००।- खर्च भएको कार्य सम्पन्न प्रतिबेदन पेश भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन । | |
| ५०. | आर्थिक कर्यविधि नियमावली, २०६४ को ९७ अनुसार उपभोक्ता समितिको समेत योगदान बापत निश्चित प्रतिशत रकम व्यहोर्नु पर्नेमा उपभोक्ताबाट कुनै पनि रकम व्यहोरेको देखिएन । | |
| ५१. | निर्माण सामग्री ढुङ्गा तथा माटो खन्ने कामबापत हाम्रो कन्चन कष्ट्रक्सन प्रा लि सग रु.२४,२६,९३७५० को निर्माण सामग्री खरिद बापतभूक्तानी भएको छ तर निजको आन्तरिक राजश्व कार्यालयको pan portal अनुसार २०७५आषढ महिना देखि Non filer देखिएकोले कर समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.<br>भौ.नं मिति \| विवरण \| विल रकम<br>१ २०७६।२।०९ \| ढुङ्गा खरिद \| २३२१०००<br>२ २०७६।३।१९ \| माटो खन्ने काम \| १०५९३७५०<br>\| जम्मा \| २४२६९३७५० | २७९२०५/- |
| ५२. | अग्रिम आयकर ऐन, २०५८ को दफा ८८ अनुसार उपभोक्ता समितिको रु.५०,००,०००।- भन्दा बढीको उपभोक्ता समितिको भूक्तानीमा १.५ प्रतिशतले रु. १,३९,६५०।- अग्रिम कर कट्टा गर्नु पर्नेमा रु. ८७,०२६।- मात्र कट्टा गरेकोले छुट रकम असुल हुनु पर्ने रु. | ५२६२५/- |
| | **स्वास्थ्य तर्फ** | |
| ५३. | **वढी भुक्तानी:-(६/२०७५।६।७)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले मनकामना मेडिको लाई रु ४,५०,०००/- भुक्तानी भएकोमा ४,१५,८१०/- विजक पेश भएको देखिएकोले वढी भुक्तानी भएको रकम रु.३४,१९०/- असुल गर्नुपर्ने रु. | ३४१९०/- |
| ५४. | **भत्ता:- (४३/९६/२०७५।८।२६)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यविधि उल्लेख गरिएको छ । सार्वजनिक निकायले कुनै पनि रकम खर्च गर्दा स्वीकृत कार्यक्रम बमोजिम खर्च गर्नुपर्ने देखिन्छ । स्वास्थ्यको वार्षिक स्वीकृत कार्यक्रममा नगरपालिका स्तरीय स्वास्थ्य संस्था प्रमुखहरुको मासिक समिक्षा वैठक भत्ता शिर्षकका कार्यक्रम स्वीकृत भएको देखिदैन । कार्यालयले यो वर्ष उल्लेखित कार्यमा रु. ६६,०००/- खर्च गरेको देखिन्छ । स्वीकृत कार्यक्रम वेगर गरेको खर्च असुल उपर गर्नुपर्ने रु. | ६६०००/- |
| ५५. | **विल भपाई:- (७०/२०७५।१०।८)**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धि कार्यविधि उल्लेख गरिएको छ । सार्वजनिक निकायले कुनै पनि रकम खर्च गर्दा स्वीकृत कार्यक्रम बमोजिम खर्च गर्नुपर्ने देखिन्छ । लैङ्गिक हिंसा सम्वन्धि कार्यक्रममा श्री महेन्द्र | ६१५०/- |

| | | |
|---|---|---|
| | प्रसाद चौधरीको पेश्की फछ्र्यौट गर्दा श्रोत व्यक्तिको प्रशिक्षण भत्ता ५,१५०/- भुक्तानी भएकोमा श्रोत व्यक्तिको हाजिर कार्यपत्र पेश भएको देखिदैन त्यसैगरी प्रतिवेदन वापत खर्च लेखेको रकम रु.१,०००/- सम्वन्धित व्यक्तिले भत्ता वुझेको भपाई पेश नभएकोले रु ६,१५०/- असुल गर्नुपर्ने रु. | |
| ५६. | **सामाजिक परिक्षणः-(१५६/२०७६।३।१५**) स्वास्थ्य संस्थाहरुको समाजिक परिक्षण कार्यक्रम अर्न्तगत नेपाल ग्रामिण स्वस्थ्य तथा विकासको लागि सामाजिक कार्य नामक संस्था वाट सामाजिक परिक्षण गराएकोमा संम्वन्धित संस्थाले रु.१,००,०००/- को भ्याट विजक पेशगरि १५ प्रतिशतका दरले रु. १५,०००/- पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा रु.४,६९५/- मात्र कर कट्टा गरेकोले नपुग रकम रु.१०,३०५/- दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १०३०५/- |
| ५७. | **पारिश्रमिक करः-(१९३/२०७६।३।२७**) आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा १५ प्रतिशतका दरले अग्रीम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले चर्मरोग शिविर संचालन गर्दा कोशी अंचल अस्पतालका वरिष्ठ चर्मरोग विशेषज्ञ डा.आषिशि घिमिरेलाई रु.१५,०००/- पारिश्रमिक भुक्तानी भएकोमा अग्रिम कर कट्टा नभएको रु. २,२५०/- असुल गर्नुपर्ने रु. | २२५०/- |
| ५८. | **परिवार नियोजनः-(१९२/२०७६।३।२७**)स्वास्थ्य संस्थाका स्वास्थ्य कर्मिहरुले नियमित रुपमा इन्प्लाइन्ट सेवा प्रदान गरे वापत प्रतिकेश रु.४० का दरले र आइ. यु. सि. डि. सेवा प्रदान गरेवापत प्रतिकेश रु.५५/- का दरले भुक्तानी गर्नुपर्ने जनशक्तिको लागि आवश्यक रकम वांडफांड गरिसकेपछि वांकि रकमले सेवा प्रदान गर्न र संक्रमण रोकथामका लागि आवश्यक औजार उपकरण तथा सामाग्री खरिद गर्नको लागि वांडफांड गर्नु पर्नेछ भनी कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको छ । कार्यालयले सम्पूर्ण रकम तालिम कार्यक्रम संचालन गरेको देखाइ रु. ३१,०००/- खर्च लेखेको छ । आइ. यु. सि. डि. सेवा प्रदान गरेको रकम आमा सुरक्षा कार्यक्रम सेवा प्रदान तथा सोधभर्ना कार्यक्रम भौ.नं. १९६ वाट रु.२,२२५/- खर्च लेखेकोमा सम्वन्धित स्वास्थ्य कर्मिले भत्ता रकम वुझेको भर्पाइ पेश भएको छैन । कार्यालयले दुवै खर्चहरु सम्वन्धि कार्य सम्पादनमा भुक्तानी भएको नदेखिएकोले रु.३३,२२५/- असुल गर्नुपर्ने रु. | ३३२२५/- |
| ५९. | **कर्मचारी संचय कोषः-** कार्यालय मंसिर महिनाको संचय कोष कट्टी गर्दा निम्नानुसारका कर्मचारीको नाममा वढी संचय कोष जम्मा भएकोले वढी रकम रु.२३७५३/-असुल गर्नुपर्ने रु. | २३७५३/- |

| कर्मचारिको नाम थर | तलव स्केल | प्राविधिक ग्रेड | ग्रेड रकम | जानुपर्ने क सं कोष | गएको क सं कोष | बढी भुक्तानी भएको क सं कोष |
|---|---|---|---|---|---|---|
| डा श्री वसन्त कुमार साह | ३४२२०.०० | ०.०० | ११४१.०० | ३५३६.१० | ४५६३.०० | १०२६.९० |
| श्री मनोज खत्री | ३०५००.०० | ०.०० | १०१७.०० | ३१५१.७० | ४०६७.०० | ९१५.३० |
| श्री यमुना दाहाल | ३०५००.०० | ०.०० | ३०५१.०० | ३३५५.१० | ६१०१.०० | २७४५.९० |
| श्री सिता थापा | ३०५००.०० | ०.०० | १०१७.०० | ३१५१.७० | ४०६७.०० | ९१५.३० |
| श्री विजया कुमारी घिमिरे | २३५००.०० | ४८०.०० | ३९१५.०० | २७८९.५० | ६७४५.०० | ३९५५.५० |
| श्री संगिता घिमिरे | २२१७०.०० | ०.०० | १४७८.०० | २३६४.८० | ३६९५.०० | १३३०.२० |
| श्री शिवनारायण यादव | २३५००.०० | ०.०० | १५६६.०० | २५०६.६० | ३९१६.०० | १४०९.४० |
| श्री प्रकाश श्रेष्ठ | २३५००.०० | ०.०० | ३१३२.०० | २६६३.२० | ५४८२.०० | २८१८.८० |
| श्री ममीता राई | २३५००.०० | ०.०० | ७८३.०० | २४२८.३० | ३०८८.०० | ६५९.७० |
| श्री रम्भा देवी बातर | २२१४०.०० | ०.०० | १४७६.०० | २३६१.६० | ३६९०.०० | १३२८.४० |
| श्री दुर्गा ब श्रेष्ठ | ३०५००.०० | ६४०.०० | ३०५१.०० | ३४१९.१० | ६७४१.०० | ३३२१.९० |
| श्री संगिता गजमेर | २२१७०.०० | ०.०० | ७३९.०० | २२९०.९० | २९५६.०० | ६६५.१० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| श्री संजय कुमार यादव | २२१७०.०० | ०.०० | ७३९.०० | २२९०.९० | २९५६.०० | ६६५.१० |
| श्री शिव बहादुर खड्का | २२१७०.०० | ०.०० | १४७८.०० | २३६४.८० | ३६९५.०० | १३३०.२० |
| श्री रमीला कापले | २२१७०.०० | ०.०० | ७३९.०० | २२९०.९० | २९५६.०० | ६६५.१० |
| | | | | | **जम्मा** | **२३७५२.८** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| ६०. | कार्यालयले म.स्वा.स्व. सेविका को अर्ध वार्षिक समिक्षा वैठक मा श्री महेन्द्र प्रसाद चौधरी लाई रु ६८,२८२/- भुक्तानी गरेकोमा उक्त समिक्षा वैंठकमा प्रशिक्षण भत्ता भुक्तानी भएको रकम रु.८,०००/- को प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ८०००/- |
| | **शिक्षातर्फ** | |
| ६१. | **वढी निकासाः-**कार्यालयले श्रावण महिनाको तलव भत्ता निकासा गर्दा निम्नानुसार विद्यालयलाई वढी निकासा भएको रकम रु.११,४००/- असुल गर्नुपर्ने रु. | १५४००/- |

| भौ.नं. मिति | विद्यालायको नाम | वढी निकासा रकम |
|---|---|---|
| ४/२०७५।३।३१ | शिक्षा ज्योति प्रा. वि. जांते | ४४००.०० |
| ४/२०७५।३।३१ | श्रीजंगा प्रा.वि. | ४०००.०० |
| ४/२०७५।३।३१ | नखुलेको | ३०००.०० |
| १५/२०७५।३।३१ | नखुलेको | ४०००.०० |
| | **जम्मा** | **१५४००.००** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| ६२. | **प्राविधिक धारः-** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार कक्षा ९ मा थप प्राविधिक धारका विद्यालय संचालनका लागि ल्याव सहयोग अनुदानमा शिक्षा तथा मानव श्रोत विकास केन्द्रले तोकेका कोटाको परिधि भित्र रहि तोकिएका मापदण्ड र प्रकृया अनुसार प्राविधिक धार संचालनका लागि स्थानिय तहवाट अनुमति प्राप्त गरेका विद्यालयहरुका लागि यस शिर्षकमा वजेट प्राप्त भएका स्थानिय तहले कक्षा ९ मा स्वीकृत भए अनुसारको धार संचालन भएको सुनिश्चितता कायम गरी कम्प्युटर ईन्जिनियरिङ्ग मा ल्याव सहयोग अनुदान रु.२५,००,०००/- को पहिलो वर्षमा रु.१२५०,०००/- ( अनुदानको आधा रकम) उपलव्ध गराउने व्यवस्था गरेको छ । कार्यालयले यस वर्षनै प्राविधिकधार संचालनको सम्पूर्ण रकम रु.२५,००,०००/- नै निकासा गरेको छ । यसरी शान्ति भगवति माध्यमिक विद्यालयलाई तोकिएको रकम भन्दा वढी निकासा भएको रकम रु. १२,५०,०००/- असुल गर्नुपर्ने रु. | १२५००००/- |
| ६३. | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद ऐन, २०६४ अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । भौतिक निर्माण सुधार तर्फ विद्यालय क्षेत्र सुधार कार्यक्रम तर्फ निम्न विद्यालयलाई भुक्तानी भएको कार्यको कार्य सम्पन्न भएको छैन । तोकिएको समय भित्रै निर्माण सम्पन्न गर्नेगरी कार्यालयले उक्त कार्यको अनुगमन गर्नु पर्दछ । उक्त निर्माण कार्यको नापि किताव र निर्माण सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु. | ६८०००००/- |

| भौ.नं. मिति | विद्यालयको नाम | निर्माण कार्य | रकम |
|---|---|---|---|
| १०३/०७५।११।२२ | शिक्षा विकास मा.वि. | ४ काठे क्रमागत | १८०००००.०० |
| १०९/०७५१२३।५ | लक्ष्मी मा.वि. | ४ काठे क्रमागत | १८०००००.०० |
| १४९/०७६।३।५ | शान्ति भगवनि मा.वि. | रेट्रो | १५०००००.०० |
| १४९/०७६।३।५ | ज्योति आधारभुत विद्यालय | रेट्रो | १५०००००.०० |
| **जम्मा** | | | **६८०००००.००** |

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| ६४. | **धार्मिक विद्यालयः-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७५।७६ अनुसार धार्मिक विद्यालयलाई विद्यालय अनुदान र पाठ्यपुस्तकको रकम मात्र निकासा गर्नुपर्ने व्यवस्था गरेको देखिन्छ । कार्यालयले धार्मिक विद्यालयलाई भौ.नं.१५२ बाट रु.२,४१,०००/- धार्मिक विद्यालय अनुदान र विद्यालय मसलन्द अनुदान रु. १५,०००/- निकासा गरेकोले मसलन्द रकम रु. १५,०००/- असुल गर्नुपर्ने रु. | १५०००/- |
| ६५. | **निशुल्क पाठ्यपुस्तकः-(१/०७३-६-१८)**कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७५।७६ मा प्रति बिद्यार्थी | ५४६५५/- |

| | | |
|---|---|---|
| | लागतको आधारमा कक्षा १-१० सम्म आधारभुत बिद्यार्थीका लागि निशुल्क पाठयपुस्तक उपलब्ध गराउने सम्भावित विद्यालयबाट कक्षागत बिद्यार्थीहरुको यथार्थ तथ्यांक संकलन गरि एकिन संख्याको आधारमा दोस्रो चौमासिक भित्र पहिलो पटक निकासा गर्दा बिद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत बिद्यार्थी भर्ना भएको विवरण पाठय पुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था उल्लेख छ । कार्यालयले ७५ प्रतिशत पाठ्यपुस्तक २०७५।१२।४ मा रु.१३,३३,३६५/- निकासा गरेको छ भने वाकि २५ प्रतिशत रकम रु.४,४४,४५५/- निकासा गर्नुपर्नेमा कार्यालयले भौ.नं. २०६ वाट रु ४,९९,१००/- निकासा गरेकोले वढी निकासा रकम रु.५४,६५४/-असुल गर्नुपर्ने रु. | |
| ६६. | **पाठ्यपुस्तकः-(१०८/०७३-१२-४)**कार्यालयले ७५ प्रतिशत पाठ्यपुस्तक निकासा गर्दा यलम्वर प्रा वि वाराङ्गी लाई रु.१,६०७/- निकासा हुनुपर्नेमा रु.२,३८०/- निकासा भएकोले वढी निकासा भएको रु. १,८४५/- असुल गर्नुपर्ने रु. | १८४५/- |
| ६७. | **शिक्षण सिकाई सहयोग अनुदानः-** शिक्षा तथा मानवश्रोत विकास केन्द्र सानोठिमि भक्तपुरको च.नं. १३३ मिति २०७६।३।२७ को पत्रानुसार २०७६ शैक्षिक सत्र को लागि माध्यमिक तह अनुमति पाएका तर दरवन्दी स्वीकृत नभएका विद्यालयमा अंग्रेजी, गणित र विज्ञान विषयका शिक्षक नियुक्तिका लागी प्रति विद्यालय प्रति शिक्षक वार्षिक रु. ३,६६,०००/- का दरले रु. १८,३०,०००/- निकासा भएको छ । तर लक्ष्मि मा.वि. लेटाङ ७ मा १ जना, महाभारत मा.वि. लेटाङ्ग ६ मा १ जना शिक्षक नियुक्ति भएको देखिन्छ । अन्य विद्यालयमा शिक्षक नियुक्ति गरेको नदेखिएकोले अनियमित खर्च भएको देखिन्छ । अतः निम्न बमोजिमका विद्यालयमा बढी निकासा भएको रकम रु. १२,२३,०३४/- असुल गर्नुपर्ने रु. | १२२३०३४/- |

| सि.नं. | विद्यालयको नाम | नियुक्ति संख्या | नियुक्ति मिति | भुक्तानी रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी मा.वि. लेटाङ्ग ७ | १ | २०७५/७/११ | ७३२०००.०० | ४६८६६७.०० |
| २ | महाभारत मा.वि. लेटाङ्ग ६ | १ | २०७५/४/१२ | ३६६०००.०० | २२३६७.०० |
| ३ | साग्मा मावि लेटाङ्ग १ | नभएको | | ३६६०००.०० | ३६६०००.०० |
| ४ | भोगटेनी मावि लेटाङ्ग १ | नभएको | | ३६६०००.०० | ३६६०००.०० |
| **जम्मा** | | | | **१८३००००.००** | **१२२३०३४.००** |

| | | |
|---|---|---|
| ६८. | **कार्यसम्पादनमा आधारितः-**विद्यालय अनुदान व्यवस्थापन निर्देशिका, २०७४ मा उल्लेखित कार्य सम्पादन मुल्यांकन सुचकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने र प्राप्त प्रस्तावका आधारमा कार्य सम्पन्न गर्ने विद्यालयलाई कार्यसम्पादन स्तरको मुल्यांकन गरी जिल्लाका लागि स्वीकृत कार्यक्रम अनुसार प्रति विद्यालय रु ५० हजारका दरले कार्यसम्पादनमा आधारित अनुदान उपलब्ध गराउने, त्यसैगरी अनुदान दिनुपुर्व विद्यालयले शिक्षण सिकाई समयमापन सम्वन्धि कार्यविधि लागु गरेको सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेकोमा छ । कार्यसम्पादन स्तरको मुल्यांकन गरी निर्देशिकाले गरेको व्यवस्था बमोजिम रकम निकासा र खर्चको प्रक्रिया कार्यालयले मिलाउनु पर्नेमा कार्यालयले यो वर्ष आधारभुत र प्रावि विद्यालयलाई रु.२५,०००/- का दरले रु.५०,०००/- भुक्तानी भएको रकम अनियमित देखिएको रु. | ५००००/- |
| ६९. | **ECD/बुक कर्नरः-(१५१/०७६-३-९)** कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार बुक कर्नरको रकम वितरण गर्दा विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलब्ध गराएको EMIS रिपोर्ट अनुसार १-५ विद्यार्थी संख्या १८०० लाई रु.१५०। का दरले रु.२७००००। , ६-८ विद्यार्थीसंख्या १४८८ लाई रु.२००/- का दरले रु.२,९७,६००/- , ९-१० विद्यार्थी संख्या १०९५ लाई रु.२००/- का दरले रु. २,१९,०००/- , ११-१२ विद्यार्थी संख्या ३९० लाई रु.२५०/- का दरले रु.९७,५००/- , गरी जम्मा रु.८,८४,१००/- निकासा जानुपर्नेमा कार्यालयले वुक कर्नरको जम्मा रकम रु.९,६२,१००/- निकासा दिएकोले वढी निकासा गएको रकम रु.७८,०००/-असुल गर्नुपर्ने रु. | ७८०००/- |

| | | |
|---|---|---|
| ७०. | **निरन्तर विद्यार्थी मूल्यांङ्कनः-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ अनुसार कार्यालयले विद्यार्थी संख्या आधारमा निरन्तर विद्यार्थी मूल्यांङ्कन लागि आवश्यक सामाग्री अनुदान कक्षा १ को विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु.१०० का दरले निकासा दिने व्यवस्था गरेको छ । नगरपालिका अन्तर्गत यो वर्ष **EMIS** रिपोर्ट अनुसार विद्यार्थी संख्या ३१६ जना रहेको देखिन्छ । जसअनुसार कार्यालयले ३१६ जनाको रु.१००/- का दरले रु.३१,६००/- निकासा गर्नुपर्नेमा रु. ३३,७००/- निकासा गरेकोले वढी निकासा गरेको रु.२१,०००/- असुल गर्नुपर्ने रु. | २१००/- |
| ७१. | **पाठ्यपुस्तकः-(१५२/२०७६।३।९)** स्थानिय तहले सामुदायिक माध्यमिक विद्यालय कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरुलाई पुस्तकालयवाट नै पाठ्यपुस्तक लैजाने ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय रु ५०,०००/- हजारका दरले विद्यालयलाई एकमुष्ठ निकासा उपलव्ध गराउने व्यवस्था गरेको छ । कार्यालयले उपलव्ध गराएको **EMIS** रिर्पोटमा श्री मावि जांतेमा ११-१२ विद्यार्थी संख्या उल्लेख भएको नदेखिएकोले निकासा भएको रकम रु.५०,०००/- असुल गर्नुपर्ने रु. | ५००००/- |
| | **सशर्त पशुतर्फ** | |
| ७२. | विल विजकः-(२६/२०७५।८।१२) कार्यालयले विभिन्न प्रजातिका घांसका विउ खरिद गरे वापत पशु अधिकृत वावुराम वस्नेतलाई रु.१००००। भुक्तानी गर्दा रु.९६० को विल भपाई पेश नभएको रकम असुल गर्नुपर्ने रु. | ९६०/- |
| | **सशर्त कृषितर्फ** | |
| ७३. | **अनुगमन खर्चः-(१३२/२०७६।२।१४)** कार्यालयले मंजु तामाङ्ग को कृषि चुन खरिद वितरण कार्यको लागि लिएको पेश्की रु४००००। फछ्र्यौट गर्दा विभिन्न पदाधिकारी कर्मचारीहरुले उक्त कार्यको अनुगमन गरेको भनि प्रतिवेदन पेश नगरि रु. ८५००। भुक्तानी दिएको छ । | |
| | **स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| ७४. | **कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद ऐन, २०६४अनुसार निर्माण कार्य सम्पन्न भैसकेपछि प्राविधिक पुष्ट्याई सहितको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वुद्धमार्ग निर्माण तथा मर्मत संभार उपभोक्ता समितिलाई रु १४६६०००। भुक्तानी भएकोमा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ । | |
| ७५. | **वढी भुक्तानीः- (१/२०७५।२।१५)** उपभोक्ता समिति मार्फत गरिने कार्यमा सार्वजनिक खरिद ऐन अनुसार ओभरहेड दिन नमिल्ने उल्लेख छ । कार्यालयलेवुद्धमार्ग निर्माण तथा मर्मत संभार उपभोक्ता समितिलाई लागत अनुमान तयार गर्दा ट्याक कोट को कार्यमा १५ प्रतिशत ओभरहेड जोडेर तयार गरेको पाइयो । कार्यालयले ट्याक कोट कार्यमा दर १४५।१३ हुनुपर्नेमा ओभरहेड जोडेर १६६।९० का दरले भुक्तानी गरेको छ । यसरी वढी दर २१।७७ ले जम्मा परिमाण ५७७८।५ को रु.१,२५,७९८/- वढी भुक्तानी भएकोले वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | १२५७९८/- |
| | **सडकवोर्ड** | |
| ७६. | **आयकरः-(१/२/२०७५।२।१५)** कार्यालयले विभिन्न भुक्तानी दिदा कट्टा गरेको कर रकम रु.२४,४१६/- वैंक दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु. | २४४१६/- |
| ७७. | **विल विजकः-(१/२०७५।२।१५)** शिक्षा विकास मार्ग निर्माण उ.स.लाई भुक्तानी भएको रु.१,२६,४५५/- को कार्यालयले लेखापरीक्षणको क्रममा सम्झौता, ठेक्का विल, नापि किताव, कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १२६४५५/- |
| ७८. | **भ्याट समायोजन पत्रः-(१/२/२०७५।२।१५)** कार्यालयले स्टार निर्माण सेवा प्रा.लि. लाई २०७४।७५ मा सम्झौता भएको ठेक्का वापतको भुक्तानी दिन वांकि रु १६,२०,२१७/- मिति २०७५।८।२५ मा भुक्तानी गरेको तर उक्त भुक्तानीको लागि सम्वन्धित फर्मद्धारा मिति २०७५।३।२० मा विजक नं. ०५ वाट भुक्तानी को लागि विल विजक पेश भएको छ । कार्यालयले उक्त विल विजक अनुसार २०७५।८।२५ मा भ्याट सहितको रकम भुक्तानी दिदां उक्त फर्मले पेश गरेको विजक अनुसारको भ्याट वापतको रकम समायोजन गरे नगरेको सम्वन्धमा कुनै प्रमाण पेश नभएकोले भ्याट समायोजन प्रमाण पेश गर्नुपर्ने रु. | १८६३९७/- |
| | **झोलुङ्गे पुलः** | |

| | | |
|---|---|---|
| ७९. | **रकम फिर्ता गर्नु पर्ने–**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले आय व्यय ठीक र विश्वसनिय रहेको तथा दोहोरो हुने गरी भुक्तानी भएको छैन भन्ने कुरामा ध्यान दिनु पर्ने उल्लेख छ। कार्यालयले झोलुङ्गे पुल निर्माण कार्यका लागि स्थानियले व्यहोर्ने अंश रु २७९२०६।८८ ससर्त वजेट वाट खर्च लेखेकोले देखिएकोले उक्त रकम नगरपालिका वाट संघिय संचित कोषमा फिर्ता गर्नुपर्ने रु. | २७९२०७/- |
| ८०. | **ढुवानीकरः** झौलुङ्गे पुल निर्माणका लागि भर्पाई वाट रु १,९२,०००/- ढुवानी वापत भुक्तानी भएको मा ढुवानी कर कट्टा भएको नेदेखिएकोले ढुवानी कर रकम ४,८००/- दाखिलाको प्रमाण पेश गर्नुपर्ने रु. | ४८००/- |
| | **गत आ.व.चालुतर्फ** | |
| ८१. | **अनुदानः-(१/२०७५।५।१३)** कार्यालयले कृषक समुहलाई प्राङ्गगारिक मल उत्पादका लागि ५० प्रतिशत अनुदान रकम रु.३,९०,७५०/- उपलव्ध गराउने सम्झौता भएको पाइयो । सो मध्ये गत वर्ष रु १,७६,५३५/- भुक्तानी भइसकेको र वाकि रकम रु २,१४,२१५/- यो वर्ष भुक्तानी भएकोमा सम्वन्धित कृषक समुहले ४,२८,४३०/- को विल विजक पेश गर्नुपर्नेमा रु. ३,२१,३२०/- को विजक आएकोले कम विजक पेश भएको रु. १,०७,११०/- को ५० प्रतिशत रकम रु. ५३,५५५/- असुल गर्नुपर्ने रु. | ५३५५५/- |
| ८२. | **नगर सभा वैठकः-(२/२०७५।५।१३)** नगरसभाको वैठक खर्च भनी भुक्तानी वांकिको विवरण वेगर कार्यालयले गतवर्षको यो वर्ष यातायात खर्च रु.१३,१५०/-, विविध खर्च २०,५००/-, संचार खर्च रु.७,७३८/-, मर्मत खर्च रु.९,०८०/-, कार्य संचालन खर्च रु. ५५,६००/- गरी जम्मा रु.१,०६,०६८/- भुक्तानी भएको रकम असुल गनुपर्ने रु. | १०६०६८/- |
| | **समानिकरण चालुतर्फ** | |
| ८३. | **शैक्षिक भ्रमणः-(६९८/२०७६।२।१३)**नगरपालिका जनप्रतिनिधि र कर्मचारी सहित ३० जना अगुवा कृषक अवलोकन भ्रमणमा मोरङ्ग सुनसरी धनकुटा तेह्रथुम गएको देखिन्छ। उक्त भ्रमणमा भ्रमण खर्च Travelling, Looging, Foodingको रकम एकमुष्ठ रुपमा पेश्की लिने कर्मचारी व.स. सुर्य वहादुर महतराले खर्च गरेको देखिन्छ । नगरपालिकाले भ्रमणको सम्पुर्ण खर्च रकम व्यहोरी सकेपछी पुन दै.भ.भ.दिएको रकम नियम संम्मत देखिदैन । यसरी कृषि भ्रमणको सम्पूर्ण खर्च व्यहोरी सकेपछि पुन दैनिक भ्रमण भत्ता दिएको भनी खर्च लेखेको रकम रु.८२८००। असुल गर्नुपर्ने रु. | ८२८००/- |
| ८४. | **कर कट्टा नगरेकोः**- आयकर ऐन, २०५८ अनुसार भुक्तानीमा १५ प्रतिशतका दरले पारिश्रमिक करकट्टा गर्नपर्ने व्यवस्था छ। कार्यालयले निम्नानुसार भुक्तानीमा कर कट्टा गरेको नदेखिएको रु. | २३४१/- |

| भौ.नं. मिति | शिर्षक | कार्यक्रमको नाम | कर रकम |
|---|---|---|---|
| ५७४/२०७५।१२।२१ | पारिश्रमिक कर | समानिकरण चालु | १०५०.०० |
| ८/२०७६।३।२४ | ढुवानी कर | ससर्त तर्फ | १२९१.०० |
| | | **जम्मा** | **२३४१.००** |

| | | |
|---|---|---|
| ८५. | **पदाधिकारी उपचार खर्चः** ९२०-०७६।३।३१९ गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्वन्धि उल्लेख छ । उक्त ऐनमा नगरपालिकाका पदाधिकारीहरुलाई औषधि उपचार खर्च बारे कुनै पनि व्यवस्था रहेको पाइएन । नगरपालिकाले वडा अध्यक्ष श्री भुम बहादुर सुर्य मगरलाई नगर कार्यपालिकाबाट निर्णय गरी औषधी उपचार बापत रु. १,२४,५००/- भुक्तानी भएको रकम असुल हुनपर्ने रु. | १२४५००/- |
| ८६. | **वडा मार्फत कार्यक्रमः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ अनुसार सभा बाट स्वीकृत कार्यक्रम तथा बजेट स्विकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नु पर्ने व्यवस्था रहेको छ । नगरपालिकाले विभिन्न कार्यक्रम खर्च गर्न वडा कार्यालय मार्फत कार्यदेश दिई सञ्चालन गरेको पाइयो । वडा मार्फत सञ्चालन गरेको कार्यक्रमहरुमा अधिकांश रुपमा कानूनी प्रकृया पुरा नगरी सोझै मालसामान तथा सेवा खरिद गरेको पाइयो । नगरपालिकाले दैनिक प्रशासनिक काम कारवाही र बजेट खर्च गर्ने सम्बन्धमा अधिकार प्राप्त अधिकारीले कानूनले तोके बमोजिम आफ्नो काम कर्तव्य अधिकारको प्रयोग गर्नुपर्दछ । साथै वडामार्फत विभिन्न कार्यक्रम तथा तालिम गर्दा सेवा प्रदायक छनौट सोझै | |

| | | |
|---|---|---|
| | गरेको पाइयो । विशेष शिप तथा क्षमता भएको कार्यक्रम उपभोक्ता समितिद्वारा सञ्चालन गरेको नियमसम्मत देखिएन । | |
| ८७. | **भ्रमण खर्चः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची-२ मा राजपत्राङ्कित द्वितीय श्रेणीको भ्रमण भत्ताको दर रु. १,६००/- उल्लेख छ । नगरपालिकाले प्र.प्र.अ. श्री हरी प्रसाद चापागाईलाई भ्रमण अवधी १०.२५ दिनको प्रति दिन पाउने भन्दा बढी रु.४००।– को दरले भुक्तानी भएको छ । ऐनमा व्यवस्था भएको भन्दा बढी दरले भ्रमण भत्ता भुक्तानी गरेको रु. ४,१००/- असुल गर्नुपर्ने रु.. | ४१००/- |
| ८८. | **गाडी मर्मतः** कार्यालयका सवारी साधन मर्मत गर्दा लागत अनुमान स्वीकृत गरी मर्मत अभिलेख खातामा अध्यावधिक गर्नुपर्नेमा सो गरेको पाइएन । नगरपालिकाले यस वर्ष सवारी साधन मर्मत शिर्षकबाट विभिन्न मितिमा को-१-भ-५१७ नम्बरको गाडी मर्मत गरे बापत रु. २,८४,२०३/- र बा-१-भ-८७५६ नम्बरको गाडी मर्मत गरे बापत रु. ८,४१,३४१/- खर्च गरेको पाइयो । पटक पटक मर्मत गर्नुपर्ने गाडीको सञ्चालन खर्च अत्याधिक देखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्ने देखिन्छ । साथै मर्मत गर्दा फेरिएका सामानको खरिद आदेश, दाखिला प्रतिवेदन, लागत अनुमान तयार गरी प्रतिस्पर्धा गराई मर्मत गर्नुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ८९. | **पत्रपत्रिका छपाईः**विभिन्न मिडियाहरुमा सूचना प्रकाशन गर्दा प्रतिस्पर्धा गराई छुटको व्यवस्था गर्नु पर्दछ । नगरपालिकाले विभिन्न सूचना तथा विज्ञापन प्रकाशन विभिन्न फर्महरु मार्फत गरी रु. ४,३१,७५५/- भुक्तानी गरेकोमा उक्त मिडिया फर्महरुले कुनै प्रकारको छुटको व्यवस्था गरेको देखिएन । सुचना प्रकाशन गर्दा गोरखापत्र जस्तै सरकारी समाचार पत्रमा २५ प्रतिशत छुटको व्यवस्था रहेको हुँदा मिडियाहरु बिच प्रतिस्पर्धा गराई छुट प्रदान गर्ने मिडिया फर्म सँग सेवा लिनुपर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । साथै सुभकामना तथा सन्देशमुलक सुचना तथा लोककल्याणकारी विज्ञापन प्रदान गरेको भनी पटक पटक विभिन्न मिडिया फर्म लाई भुक्तानी दिने कामलाई निरुत्साहित पार्नुपर्दछ । | |
| ९०. | **आर्थिक सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख भएको छैन । आर्थिक सहायता वितरण सम्वन्धमा मापदण्ड , सिमा र कार्यविधी कार्यपालिकाले नगर परिषदबाट पारित गरी लागु गरेको पनि देखिएन । नगरपालिकाले कार्यक्रम खर्च शिर्षकबाट रु. ११,१३,०००/- रकम कार्यपालिका निणर्यद्धारा रु. १०,०००/- का दरले यातायात बापत आर्थिक सहायता वितरण गरेको पाइयो । साथै आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा नगर प्रमुखको तोक आदेश अनुसार रु. १,६०,०००/- आर्थिक सहायता वितरण गरेको पाइयो । यस अतिरिक्त विभिन्न वडाहरुद्धारा वडा सञ्चालन खर्च बाट समेत विभिन्न संघ संस्थालाई निवेदनको आधारमा सहायता वितरण गरेको पाइयो । आर्थिक सहायता वितरण गर्ने मापदण्ड, सिमा र कार्यविधी तयार गरी नियन्त्रित र व्यवस्थित तरिकाले आवश्यकत्ता अनुसार तोकिएको सीमा भित्र वितरण गर्ने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ । साथै विकास निर्माणका लागि आएको सरकारी रकमलाई नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । | |
| ९१. | **वडा समिति बैठकः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को अनुसूची १(क) मा नगरपालिकाका पदाधिकारीले पाउने सुविधा सम्बन्धि उल्लेख छ । उक्त ऐनको दफा ३ (२) मा पदाधिकारीहरुले जतिसुकै पटक वडा समितिहरुको बैठक बसे पनी एक महिनामा दुई वटा बैठकको मात्र बैठक भत्ता पाइने व्यबस्था रहेको छ । नगरपालिकाले विभिन्न वडाहरुलाई वडा समितिलाई मासिक तिन वटा बैठकको भत्ता वितरण गरेको पाइयो । ऐनमा व्यवस्था भएको भन्दा बढी बैठक भत्ता वितरण गरेको रकम रु. ६६,०००/- सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ६६०००/- |

| वडा नं. | संख्या | दर | वढी बैठक | बढी भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| २ | ६ | १००० | २ | १२००० | श्रावण, भाद्र |
| ३ | ६ | १००० | ३ | १८००० | श्रावण-असोज |
| ४ | ६ | १००० | ६ | ३६००० | श्रावण-असोज, वैशाख-असार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | **जम्मा** | | | ६६००० | | |

| | | |
|---|---|---|
| ९२. | **डोर हाजिरी आधारमा भुक्तानीः** स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ८६ अनुसार स्थानीय सेवाको गठन, संचालन, व्यबस्थापन, सेवाका शर्त तथा सुविधा सम्वन्धि आधारभूत सिद्धान्त र मापदण्ड सघीय कानून बमोजिम हुने व्यबस्था रहेको छ । नगरपालिकाले स्वीकृत दरबन्दी बाहेक विभिन्न वडाहरुमा कार्यालय सहयोगी तथा सहायक कम्प्युटर अपरेटरहरुलाई डोर हाजिरीका आधारमा पटक पटक गरी रु. २९,१४,८७५/- भुक्तानी गरेको छ । स्वीकृत दरबन्दी बेगर सेवा करारमा कर्मचारीहरु नियुक्ति गरि डोर हाजिरीका आधारमा खर्च लेखेको देखियो । | |
| ९३. | **पेश्कीः** ना.प्रा.स. मञ्जु तामाङले अवलोकन भ्रमणको लागि लिएको पेश्कि रु. ९०,०००/-फछ्र्यौट नभएकोले असुल फछ्र्यौट गर्नुपर्ने रु. | ९००००/- |
| ९४. | **विभिन्न संघ संस्था सहायताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आर्थिक सहायता वितरण सम्वन्धमा उल्लेख गरेको छैन । नगरपालिकामा आर्थिक सहायता माग गर्नेले पेश गरेको निवेदनमा भएको ठाडो तोक आदेश अनुसार विभिन्न कार्यक्रमबाट संघ संस्थाहरुलाई आर्थिक सहायता वितरण गरेको पाइयो । नगरपालिकाले विभिन्न समितिलाई व्यवस्थापन खर्च, गैर सरकारी तथा निजी संस्था तथा विभिन्न राजनैतिक समितिहरुलाई अधिवेशन, सम्मेलन जस्ता कार्यहरुको लागि खर्च उपलब्ध गराएको उचित देखिएन । नगरपालिकाले विकास निर्माणका लागि आएको सरकारी रकम खर्च गर्दा आवश्यकत्ता पहिचान गरी नतिजामूलक कार्यमा खर्च गर्नुपर्नेमा वितरणमुखी कार्यमा खर्च गरेको पाइयो । विभिन्न संध संस्थालाई वितरण गरेको आर्थिक सहायताहरुको केही उदाहरण देहायअनुसार छनः | |

| **भौ.नं.** | **संस्थाको नाम** | **रकम रु.** |
|---|---|---|
| ६९ | वडा स्तरीय महिला सञ्जाल समिति | ४२००० |
| ८६ | जी.पि. कोईराला अध्ययन केन्द्र | २५००० |
| १०६ | प्रशंसा मिक्लुक चर्च | ८०००० |
| १२९ | श्री लक्ष्मी मा.वि. | ३०००० |
| १३७ | नेवाः छ्यु दवु | ५०००० |
| १५४ | नेपाल आदिवासी जनजाती मन्दिर | ५०००० |
| १६९ | लाफा क्लब | ५०००० |
| २०१ | महिला याङशिला भवन | ३५००० |
| २०९ | सामुदायिक वन उपभोक्ता महासंघ | ३६६८० |
| २६३ | प्याबसन, मोरङ | ३५००० |
| २९५ | जेष्ठ नागरिक एकता समन्वय केन्द्र | १४०००० |
| ३३६ | राजारानी टोल विकास समिति | ३८८६० |
| ३४१ | १०१ नेपाल | ७५००० |
| ४०८ | किर्तमान युवा क्लब | २५००० |
| ४८३ | न्यु बाबा नुडल्स उद्योग | २५००० |
| ४९४ | लोखरा शाखा खानेपानी उ.स. | ४०००० |
| १०६३ | ग्लोरियर्स चर्च | ८०००० |
| १०४४ | ए.एफ.जि चोमलुङमा चर्च | ५०००० |
| ७३४ | प्रभुको सन्देश मण्डली | २०००० |
| ८७५ | किरात राई योयाक्खा | १५०००० |
| ८३४ | दलित उत्थान समन्वय समिति | ५०००० |
| ७१७ | नेपाल आदिवासी जनजाति महासंघ | ५०००० |
| ३७४ | जाते युथ एसोसिएसन | ४०००० |

| | | |
|---|---|---|
| ३९३ | लाफा क्लब | २०००० |
| ५५८ | किरात हाङसाम थेवायुमा माङहिम वडा नगर सेवा समिति | ४०००० |
| ५६९ | प्रशंसा चर्च | १००००० |
| ५७२ | नेपाल आदिवासी जनजाती महासंघ | १०५००० |
| ५८९ | गुवावारी समाज सुधार युवा कलब | ३५००० |
| ६७६ | नेपाल मगर बौद्ध गुम्बा व्यवस्थापन समिति | २०००० |
| ६७८ | चेतनाशिल महिला समुह | ४०००० |
| ६९१ | नेपाल आदिवासी जनजाती महासंघ | ४०००० |
| ६९७ | किरात साम्यो नालीफुङवा थुम पान्धुम्भो | ५०००० |
| ७०९ | सगरमाथा महिला सामुदायिक संस्था | १५००० |
| ९१५ | जेष्ठ नागरिक एकता समन्वय केन्द्र | १००००० |
| | **जम्मा** | **१७८२५४०** |

९५. **अन्य संघ संस्थाबाट कार्यक्रम/तालिम सञ्चालनः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँची मा रहेका गैर सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसीम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ। साथै लक्षित वर्गका कार्यक्रम संचालन गर्दा प्रत्येक कार्यक्रमका लागि कार्यक्रमसम्बन्धी पृष्ठभूमि र उद्देश्य, आधारभूत तथ्यांक तथा उपलब्ध गराउनुपर्ने भौतिक सुविधा वा उपकरणहरु सहितको कार्य क्षेत्रगत शर्त बनाई स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गर्नु पर्दछ। नगरपालिकाले विभिन्न लक्षित समूह तथा वर्गको लागि विभिन्न तालिम सञ्चालन गर्नको लागि छनौट भएको संघ संस्थाहरुको छनौट प्रकृया नियमावली बमोजिम पारदर्शि रहेको पाइएन साथै बजेटको आधारमा संस्थाहरुको सोझै छनौट गरी, उपभोक्ता समिति गठन गरी तालिम कार्यक्रमहरुको संख्या अत्यधिक बनाएको पाइयो। नगरपालिका द्वारा तालिम प्रदायक छनौट गरी सम्झौता गर्नुपर्नेमा विभिन्न वडाका पदाधिकारी मार्फत सोझै सम्झौता गरी कार्यदेश दिइएको नियमसम्मत देखिएन। खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी अत्याधिक संख्यामा तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन। यस्ता कार्यक्रम सञ्चालन गर्दा लक्षित वर्गको सहि पहिचान गरी सहभागी छनौट गर्ने, कार्यक्रम तर्जुमा गर्दा उद्यमशिलता विकास, रोजगारीको अवसर, स्थानीय स्रोत साधन र क्षमताको प्रयोगलाई विचार गरी योजनाहरुको छनौट गर्नु पर्दछ। साथै यस्तो कार्यक्रमहरु सञ्चालन गर्न सक्षम संस्था छनौट गरी संस्था छनौट प्रकृयालाई पारदर्शि बनाउने र यस्ता विशेष शिप तथा क्षमता भएको कार्यक्रम उपभोक्ता समितिद्वारा सञ्चालन गर्न नदिने तर्फ नगरपालिकाको ध्यान जानुपर्दछ।

| गो.भौ.नं. | सञ्चालन गर्ने | तालिम तथा कार्यक्रम | रकम रु. |
|---|---|---|---|
| ११२ | ओम साई टेक्नीकल इन्स्चिट्युट प्रा.लि. | फोहोर मैला व्यवस्थापन तालिम | १५०००० |
| ३९४ | प्रोगेसिभ इनिसिएटिभ प्रा.लि. | जनप्रतिनिधी तथाकर्मचारी अभिमुखिकरण तालिम | २५०००० |
| ८९७ | हरियाली इन्भेस्टमेन्ट प्रा.लि. | नेपालमा पुँजी बजार सम्बन्धी जनचेतना तालिम | ६४९०० |
| ८७४ | एक्सपर्ट टेक्नीकल कलेज नेपाल प्रा.लि. | बेसिक कम्प्युटर अपरेटिङ्ग तालिम | ३००००० |
| १०१९ | एस. के. विशेषज्ञ परामर्श सेवा | बेसिक कम्प्युटर अपरेटिङ्ग तालिम | १६०००० |
| २९२ | गुर्दुम कृषि सहकारी संस्था ली. | कफि खेती तालिम | ६०००० |
| ३६१ | जनसेवा महिला उपभोक्ता समुह | बयूटिसियन तालिम | ११५८०० |
| ४२२ | वाराङ्गी महिला सञ्जाल | भूजिया बनाउने तालिम | ६०००० |
| ४५८ | ६ नं वडा महिला समिति | उदघोषण तालिम | १००००० |
| ४९२ | देउराली महिला बचत तथा ऋण सहकारी संस्था लि. | महिलाहरुलाई महिनावारी सम्बन्धी सचेतना तथा स्यानीटेरी प्याड निर्माण तालिम | १५०००० |
| ४५१ | परिवर्तनशिल महिला समुह | उद्यमशिलता तथा क्षमता विकास तालिम | १५०००० |

| | | | |
|---|---|---|---|
| ५८३ | अमल जिवनका लागि वातावरण नेपाल | ढाका टोपी बुनाई तालिम | २००००० |
| ६२० | महिला जागरण समुह | स्वास्थ्य शिविर कार्यक्रम | १३०००० |
| ९८९ | परिवर्तनशिल महिला समुह | सेनिटेरी प्याड निर्माण तालिम | ५०००० |
| ९८३ | शिर्जनशिल दलित समाज | सिलाई कटाई तालिम | २१३५९० |
| ९६७ | धिमाल जातिय विकास केन्द्र | साँस्कृतिक कार्यक्रम | १७०००० |
| ९३७ | नेपाल आदिवासी जनजाती महासंघ | साँस्कृतिक कार्यक्रम | ६५००० |
| ८७६ | जनसेवा महिला उपभोक्ता समुह | सिलाई बुनाई तालिम | १३०००० |
| २८२ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | सहायक सामग्री वितरण | २४१४५५ |
| २८३ | जेष्ठ नागरिक एकता समन्वय केन्द्र | तिर्थयात्रा कार्यक्रम | १००००० |
| ७३३ | ६ नं वडा महिला समिति | भुजिया तथा आलु चिप्स बनाउने तालिम | १००००० |
| ८२० | महिला जागरण समुह | स्वास्थ्य शिविर सञ्चालन | १५०००० |
| ८२५ | नागरिक सचेतना केन्द्र | सामग्री खरिद तथा वितरण | २००००० |
| ८३० | सामुदायिक वन उपभोक्ता महासंघ नेपाल | जलवायु परिवर्तन तथा वातावरण सम्बन्धी कार्यक्रम | ३३००० |
| ५७५ | नेम्वाहाङ ड्राईभिङ सेन्टर | ड्राईभिङ तालिम पुरुषहरुलाई | २१८००० |
| ५८० | अर्गानिक उपभोक्ता कृषि समुह | कम्पोस्ट बनाउने तालिम | १००३५ |
| ६१० | जनसेवा महिला उपभोक्ता समुह | महिला विकास योजना कार्यक्रम | ८४२०० |
| ६३५ | वडा स्तरिय महिला समन्वय समिति | अन्तराष्ट्रिय महिला श्रमिक दिवस कार्यक्रम | ३७८२० |
| ३७५ | नेम्वाहाङ ड्राईभिङ सेन्टर | ड्राईभिङ तालिम महिलाहरुलाई | २००००० |
| ६६७ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | सामाग्री वितरण | ८३२०० |
| ६७१ | चेतनशिल महिला समुह | अचार बनाउने तालिम | २५००० |
| ६८२ | आदिवासी जनजाती महासंघ | ड्राईभिङ तालिम | १००००० |
| ७०४ | मानव अधिकारका लागि एकल महिला समुह | क्षमता अभिवृद्धि तालिम | १५०००० |
| ७११ | अपाङ्गता भएका व्यक्तिहरुको समुह | सम्मान तथा पंखा वितरण कार्यक्रम | ५०००० |
| ९८२ | गुर्दुम कृषि सहकारी संस्था ली. | कफिको विउ वितरण कार्यक्रम | ११६६१० |
| ९७६ | दलित समन्वय उ.स. | दलित उत्थान कार्यक्रम | ४०००० |
| ९११ | नेपाल राष्ट्रिय मगर संघ | स्यानिटेरी प्याड वितरण | १५०००० |
| | **जम्मा** | | **४६०८६१०** |

९६. **खेलकुद विकास कार्यक्रमः** नगरपालिकाले खेलकुद कार्यक्रम तर्फ विनियोजित भएको बजेट रु. ३२,९०,०००/- मापदण्ड स्वीकृत नगरी विभिन्न व्यक्ति तथा समितिहरुलाई खेलकुद सामग्री खरिद, विभिन्न खेलमा सहभागी भएबापत सहयोग, प्रोत्साहन भत्ता वितरण, प्रतियोगिता सञ्चालन आदि जस्ता कार्यक्रमहरुका लागि भुक्तानी भएको देखिएकोमा उक्त समितिहरुले खरिद गरेको सामग्रीहरुको अभिलेख राखेको देखिएन । यस्ता समितिहरुलाई नगरपालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति सामानको सदुपयोग बारे नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ साथै नतिजामूलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन । खेलकुद कार्यक्रम अन्तगर्त भुक्तानी भएको केही उदाहरणहरुः

| गो.भौ.नं. | संघ वा व्यक्तिको नाम | भुक्तानी |
|---|---|---|
| ३३ | लेटाङ्ग स्पोर्टस जोन | ५१३५० |
| ६० | वडा स्तरिय खेलकुद समन्वय समिति | ८१७५० |
| ८५ | लेटाङ्ग नगर भलिबल संघ | ६०००० |
| ९० | खेलकुद समिति वडा नं. ४ | १०२००० |
| ११५ | सबल यूथ क्लब | ४०००० |
| १५१ | वडा स्तरिय युवा तथा खेलकुद समिति | १००९०० |
| १६४ | कोशिस युथ क्लब | २५००० |
| २०० | लेटाङ्ग फुटबल क्लब | ५१००० |

| | | |
|---|---|---|
| २०६ | रमेश खनाल प्रतियोगिता सञ्चालन | ५०००० |
| २०८ | लेटाङ्ग स्पोर्टस जोन | ३०५०० |
| २१५ | सिमाना खेलकुद क्लब | २१००० |
| २३१ | वारङ्गी खेलकुद युवा क्लब | १००००० |
| ३२६ | धोवी फुटवल क्लब | २५००० |
| ३५१ | बि.बि.आरुबोटे युथ क्लब | २०००० |
| ४१९ | फ्रेण्डसिप चेस क्लब | ४०००० |
| ४२१ | लेटाङ्ग फुटबल क्लब | १५००० |
| ४२९ | लेटाङ्ग स्पोर्टस जोन | १६०५० |
| ४३० | त्रिवेणी युवा क्लब | १२१००० |
| ३८५ | जाते युथ एसोसिएसन | ४९२५० |
| ३९० | खेलमैदान  स्तरोन्ती उ.स. | २२०००० |
| १०६६ | वडा स्तरिय खेलकुद समन्वय समिति | ७०००० |
| ५८४ | लेटाङ्ग स्पोर्टस जोन | २२६०० |
| ६८४ | वारङ्गी खेलकुद युवा क्लब | ५१००० |
| ९७३ | खेलकुद समिति | ९८००० |
| ६८९ | राजारानी पोखरी संरक्षण समिति | ३५५८५ |
| ९४७ | चिसाङ्ग भ्याली क्लब | २५००० |
| ९५३ | सविन घिमिरे सामग्री खरिद | २८८०० |
| ९१९ | मोरङ्ग जिल्ला फुटबल संघ | ६५००० |
| ९१७ | खेलकुद समिति | २००००० |
| ९१४ | प्रतिभा युवा क्लब | ४०००० |
| ८८१ | लेटाङ्ग स्पोर्टस जोन | ३१६०० |
| ८७७ | लेटाङ्ग स्पोर्टस जोन | ३०००० |
| ८४५ | गोपाल प्रसाद वस्ती सामग्री खरिद | ५५००० |
| ८४० | अंधेरी भलिबल खेलकुद उ.स. | १५००० |
| ७४३ | प्रेम कुमार विश्वकर्मा प्रतियोगिता सञ्चालन | २००००० |
| ६४६ | मोरङ्ग जिल्ला ब्याडमिन्टन संघ | १५००० |
| | **जम्मा** | **२२०२३८५** |

| | | |
|---|---|---|
| ९७. | **विभिन्न करकट्टी:** आयकर ऐन, २०४९ को दफा ८८ र ८९ अनुसार विभिन्न भुक्तानीमा  कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका भौचरहरुमा नियमानुसार कर कट्टी गरेको नदेखिएकोले कर रकम रु. १७,१३३/- असुल गरी दाखिला गर्नुपर्ने रु. | १७१३३/- |

| **भौ.नं.** | **कार्यक्रम** | **कर रकम** |
|---|---|---|
| १०३ | हेमचन्द्र निरौला सार्वजनिक खरिद समिति बैठक भत्ता | १०८०० |
| १११ | भर्मिङ्ग  कम्पोस्ट मल उत्पादन तालिम | २८१० |
| १३२ | स्प्रे, ब्रसर खरिद तथा वितरण | ३५२३ |
| | **जम्मा** | **१७१३३** |

| | | |
|---|---|---|
| ९८. | **कानूनी सल्लाहकार कर कट्टी:** नगरपालिकाले परामर्श सेवा अन्तर्गत कानूनी सल्लाहकारको रुपमा श्री गणेश राज लुईटेललाई नियुक्त गरी मासिक रु. २०,०००/- का दरले १२ महिनाको पारिश्रमिक रकम रु. २,४०,०००/- भुक्तानी गर्दा आयकर ऐन २०५८ अनुसार १५% ले हुने रु. ३६,०००/- कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतले रु. २,४००/- मात्र कट्टी गरेको हुँदा बाँकी रकम रु.  ३३,६००/- असुल | ३३६००/- |

| | | |
|---|---|---|
| | गर्नु पर्ने रु. | |
| ९९. | **बढी घरभाडाः** २९१-०७५।९।१६ आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले वडा नं ५ को लागि घर भाडामा लिएको भनी श्री इन्द्रबहादर न्यौपानेलाई ६ महिनाको लागि रु. ७,७७८/- का दरले रु. ४६,६६८/- भुक्तानी गरेको छ। वडा समितिले निणर्य गरी घर भाडा रकम रु. ७,०००/- का दरले कायम गरेको पाइयो। सो निणर्य अनुसार बढी भुक्तानी भएको रु. ४,६६८/- असुल गर्नुपर्ने रु. | ४६६८/- |
| १००. | **गाडि भाडाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले सवारी साधन पटक पटक भाडामा लिई रु. १६,१४,७२०/- भुक्तानी गरेकोमा कार्य विवरण नखुलाई, सो भुक्तानीलाई प्रमाण गर्ने सवारी लग बुक, गाडिको विल तथा सम्झौता लगायतका कागजात पेश नगरी भुक्तानी भएको अनियमित देखिएको छ। | |
| १०१. | **क्षमता विकास कार्यक्रमः** ३६७-०७५।१०।३ नगरपालिकाले तेज प्रसाद पौडेललाई कर्मचारी तथा पदाधिकारी क्षमता विकास कार्यक्रम सञ्चालन गरेको भनी रु. ५०,०००/- भुक्तानी गरेको छ। उक्त कार्यक्रम सम्पन्न गर्दाको सहभागी हाजिरी, कार्यक्रमको कार्यपत्र आदि पेश नगरी ६० जना सहभागीहरुलाई रु. ५००।– का दरले भत्ता वितरण गरेको भरपाई र खाना खाजाको रु. २०,०००/- को बिल मात्र संलग्न रहेको पाइयो। | |
| १०२. | **छात्रवृत्तीः** नगरपालिकाले कार्यपालिका निर्णय गरी देहाय अनुसारका विद्यार्थिहरुका लागि छात्रवृत्ती बापत विभिन्न दर अनुसार रु. २,६९,५१२/- रकम वितरण गरेको पाइयो। निश्चित मापदण्ड, सिमा र कार्यविधी कार्यपालिकाले नगर परिषदबाट पारित नगरी छात्रवृत्तिको लागि रकम वितरण गरेको नियमसम्मत देखिएन। | |

| **भौ.नं.** | **विद्यार्थिको नाम** | **रकम** |
|---|---|---|
| ४०९ | आश्मा राई | ४०००० |
| ४१३ | बबिता सुवेदी | १०००० |
| ३७७ | सरु रसाइली | ३५००० |
| ३७८ | प्रशंसा थापा मगर | १०००० |
| ३९३ | योग नारायण दाहाल | १०००० |
| ४९० | विकास विश्वकर्मा | १०००० |
| ५८५ | रेश्मा मगर | ८००० |
| ५९२ | मुजाफर सेख | १५००० |
| ६०३ | विष्णु राई | १५००० |
| ६५६ | यसोदा दहाल | १५००० |
| ६६४ | समिक्षा भट्टराई | १५००० |
| ९७१ | विभिन्न | ४९५१२ |
| ९४८ | उत्तम लिम्बु | १०००० |
| ७२७ | सोभन लिम्बु | ५००० |
| ८३३ | दर्शन राई | २२००० |
| | **जम्मा** | **२६९५१२** |

| | | |
|---|---|---|
| १०३. | **सफ्टवेयर खरिदः** १८४-०७५।७।१८ नगरपालिकावाट स्पेसिफिकेशन, लागत अनुमान तयार नगरी ६ वटा सामुदायिक विद्यालयहरुमा स्प्रा एकाडेमिक सिस्टमको सफ्टवेयर जडान गर्नको लागि सोफ्रै इम्पेटस टेक्नोलोजि प्रा. लि. पान ६०६७४२५७१ संग सम्झौता गरी विभिन्न भौचरहरुबाट रु ८,००,०००/- भूक्तानी भएको देखियो। स्प्रा एकाडेमिक ईआरपी सिस्टम दाखिला भएको नदेखिएको साथै सिस्टमको आवश्यकताा र सिस्टम जडानको प्रभावकारिता समेत देखिने प्रतिवेदन संलग्न | |

| | | |
|---|---|---|
| | नदेखिएकोले नगरपालिकाले सरकारी रकम खर्च गर्दा दिर्घकालिन सोच राखि उपलब्धि मुलक क्षेत्रमा लगानी गर्नु पर्दछ । | |
| १०४. | **शिर्षकगत खर्च नगरी एकमुष्ट खर्च:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिको व्यवस्था भई स्थानिय निकायले बजेट तयार गर्दा सोही ऐनको दफा ७२ अनुसार आर्थिक बर्ष र आय ब्ययको लेखा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र ब्ययको बर्गिकरण तथा खर्च शिर्षक सम्बन्धि ब्यबस्था अवलम्बन गर्नु पर्ने व्यवस्था छ । कार्यालयवाट विभिन्न शिर्षकमा हुने खर्च एकमुष्ट कुनै एक शिर्षकमा लेख्ने गरेको देखियो । वडा वाट हुने प्रायः सवै खर्चहरुको भुक्तानी वडा सचिववाट सोधभर्ना भुक्तानी लिएको, सोधभर्ना भुक्तानी हूंदा एउटा कुनै खर्च शिर्षक जनाई सवै प्रकारका खर्चहरुको विल समावेश गरी अधिकतम मात्रामा खाना खाजा तथा आर्थिक सहायताको विल पेश गरी  सोध भर्ना भुक्तानी लिने तथा पेश्की फछ्र्यौट गर्दा सवै प्रकारका खर्चका विलहरु समावेश गरी पेश्की फछ्र्यौट गर्ने गरेको देखियो । यसवाट वास्तविक कुन खर्च शिर्षकमा के कति खर्च भयो एकिन हुन नसकि नियन्त्रण र व्यवस्थापनमा प्रभाव पर्ने हुदा नेपाल सरकारको संघीय संरचना अनुरुप सरकारका तिनै तहको आर्थिक कारोवार संचालनको लागि स्वीकृत एकिकृत आर्थिक संकेत तथा बर्गिकरण र ब्याख्या २०७४ मा उल्लेख भए अनुसारको आर्थिक अनुशासनको पालना भएको देखिएन । | |
| १०५. | **क्षमता विकास कार्यक्रमः** ३९४-०७५।१०।११ नगरपालिकाले पदाधिकारी तथा कर्मचारीलाई सकारात्मक सोच एंवम् तनाब व्यवस्थापन कार्यक्रम सञ्चालन गर्न रु. २,५०,०००/- खर्च लेखेकोमा कार्यालयले सो कार्यक्रममा प्रशिक्षणको लागि प्रोग्रेसिभ इनिसिएटिभ भन्ने गैर सरकारी संस्था सँग सम्झौता गरी रु. २,५०,०००/- भुक्तानी गरेको पाइयो । उक्त सम्झौतामा प्रशिक्षण भत्ता, प्रतिवेदन, संयोजक भत्ता  आदिको दर कार्यालय सञ्चालन निर्देशिका, २०७५ को तुलनामा अत्याधिक राखि खर्च गरेको नियमसम्मत देखिएन । नगरपालिकाले सरकारी रकम खर्च गर्दा मितव्ययी रुपमा खर्च गर्नुपर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १०६. | **टुक्रे खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । नगरपालिकाले पटक पटक गरी विभिन्न व्यक्ति, फर्म, कम्पनीबाट सोझै खरिद गरेको  छ। | |

| भौ. नं. | विवरण | फर्म | रकम |
|---|---|---|---|
| ४६८ | एच.डि.पि.पाइप खरिद | नेपाल प्लाष्टिक प्रा.लि. | ४९७९८५ |
| ४६९ | एच.डि.पि.पाइप खरिद | प्रमी इन्टरप्राइजेज | ४९७९७२ |
| ६४८ | एच.डि.पि.पाइप खरिद | सिद्धकाली इन्टरप्राइजेज | २२४४६३ |
| | **जम्मा** | | **१२२०४२०** |

| | | |
|---|---|---|
| १०७. | **नगर प्रोफाइलः** ३९२-०७५।१०।११ नगरपालिकाले नगर प्रोफाइल निर्माण गर्न ई.सि.एन. कन्सल्टेन्सी प्रा. लि. सँग वैशाख मसान्त सम्म कार्य सम्पन्न गर्ने गरी रु. १७,९६,७००/- (भ्याट सहित) को सम्झौता गरेकोमा उक्त परामर्श सेवा छनौट  तथा मुल्याङ्कन सम्बन्धी कुनै कागजात लेखापरीक्षणको लागि पेश गरेको पाइएन । साथै सोही सम्झौता बमोजिम नगरपालिकाले प्रथम किस्ता बापत रु. ९,९८,३५०/- उक्त फर्मलाई भुक्तानी गरेको छ । वैशाख मसान्त सम्म कार्य सम्पन्न हुनुपर्नेमा उक्त फर्मले लेखापरीक्षण अवधी सम्म कार्य सम्पन्न गरेको पाइएन । फर्म द्वारा म्याद थपको लागि निबेदन समेत पेश गरेको छैन । उक्त रकमलाई पेश्की कायम गरी सम्झौता बमोजिमको कार्य सम्पन्न गर्नुपर्ने रु. | ९९८३५०/- |
| १०८. | **नगर सभा सञ्चालनः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ४ को अनुसूची २ मा नगर सभा संचालन भएको बैठक भत्ता बारे उल्लेख छ । उक्त व्यवस्था अनुसार नगरपालिका प्रमुखले रु. १५००/- उपप्रमुखले रु. १२००/- र सदस्यले रु. १०००/- का दरले भत्ता वितरण गर्नुपर्नेमा नगरपालिकाले  चौथो नगर सभा सञ्चालन गर्दा ऐनमा व्यवस्था भएको भन्दा अतिरिक्त विभिन्न पदाधिकारीहरुलाई देहायअनुसार यातायात खर्च | |

| | | |
|---|---|---|
| | रकम भुक्तानी गरेको पाइयो । ऐनमा व्यवस्था नभएको यातायात खर्च बापत भुक्तानी भएको रकम रु. ८५,०००/- असुल गर्नुपर्ने रु. | ८५०००/- |

| भौ.नं. | सहभागी संख्या | दर | भुक्तानी |
|---|---|---|---|
| १०७९ | ७ | २००० | १४००० |
| १०७९ | ५ | ३००० | १५००० |
| ९९५ | ८ | २००० | १६००० |
| ९९५ | ५ | ३००० | १५००० |
| ६५२ | ५ | २००० | १०००० |
| ६५२ | ५ | ३००० | १५००० |
| | **जम्मा** | | **८५०००** |

| | | |
|---|---|---|
| १०९. | **न्यायिक मेलमिलाप कार्यक्रमः** १०३०-०७६।३।२७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ मा न्यायिक समिति सम्बन्धी व्यवस्था छ । उक्त ऐनमा न्यायिक मेलमिलाप केन्द्र सम्बन्धि व्यवस्था रहेको पाइएन । नगरपालिकाले प्रत्येक वडामा एक न्यायिक मेलमिलाप केन्द्र व्यवस्थापन गरी न्यायीक समितिको मिति २०७५।७।३० को बैठकले मेलमिलाप केन्द्रका संयोजकलाई विवाद मेलमिलाप गराएबापत प्रत्येक विवाद मिलान गरे बापत रु. १,०००/- का दरले यातायात खर्च दिने निर्णय गरेको पाइयो । सोहि निर्णय बमोजिम नगरपालिकाले १० वटै वडाका मेलमिलाप केन्द्रका संयोजकलाई १३६ वटा मुद्दा फछ्र्यौट गरेबापत रु. १,०००/- का दरले रु. १,३६,०००/- भुक्तानी गरेको नियमसम्मत देखिएन । | |
| ११०. | **सहजकर्तालाई भत्ताः**–भौ.नं. ८३७-०७५।५।१० बाट वडा नं. ८ ले विवाद मिलाउने सहजकर्ता हरुको प्रति विवाद प्रति जना रु. ३००/- का दरले कुल रु. १४,१००/- भुक्तानी गरेको असुल गर्नुपर्ने रु... | १४१००/- |
| १११. | **मेलमिलाप :** १०२७-०७६।३।२७आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले न्यायिक समितिको मेलमिलाप कार्यक्रम सञ्चालन गरे बापत जित बहादुर लामाको रु. ४,०५,४८०/- पेश्की फछ्र्यौट गरी भुक्तानी गरेकोमा मलमिलाप केन्द्रको सञ्चालन खर्च रु. ७२,०००/- , मेलमिलाप तालिम सञ्चालन गरे बापत रु. २,७५,१९५/- तथा अनुगमन बापत रु. ३०,०००/- खर्च गरेको पाइयो । उक्त कार्यक्रम सञ्चालनमा प्रशिक्षण बापत श्री रामबाबु पोखरेललाई रु. ३५,०००/- र गणेश राज लुईटेललाई रु. ४५,०००/- समेत रु. ८०,०००/- भुक्तानी भएकोमा कार्यपत्र संलग्न रहेको पाइएन । साथै कार्यक्रममा अनुगमन बापत पदाधिकारीलाई रु. १८,०००/- र कर्मचारीलाई रु. १२,०००/- भत्ता प्रदान गरीएकोमा अनुगमन प्रतिवेदन पेश गरेको पाइएन । ऐनमा व्यवस्था भएको भन्दा अतिरीक्त उपलब्ध गराएको अनुगमन भत्ता असुल गर्नुपर्ने साथै बढी दर अनुसार कार्यपत्र बेगर प्रशिक्षण भत्ता वितरण गरेको खर्च अनियमित भएको रु.... | ११००००/- |
| ११२. | **भ्रमण भत्ताः** १०७३-०७६।३।३१आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिंदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आशिष श्रेष्ठलाई मिति २०७५।९।२२ देखि २०७५।८।१७ तथा २०७५।८।१७ देखि २०७५।८।२३ सम्मको स्वीकृत भ्रमण आदेश अनुसार रु. १५,०००/- भ्रमण भत्ता भुक्तानी गरेको तर उक्त अवधिमा निज कार्यालयमा हाजिरी भएको हाजिरी रेकर्डबाट देखियो । कार्यालयमा उपस्थित दिनको भ्रमण भत्ता भुक्तानी गरेको रु. १५,०००/- भुक्तानी गरेको सम्बन्धितबाट असुल हुनुपर्ने रु.... | १५०००/- |
| ११३. | **अनुगमन भत्ताः** ४८६-०७६।३।२८गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ मा नगरपालिकाका पदाधिकारीहरु नगर प्रमुख रु. ७५००/- उपाध्यक्ष रु. ६०००/- वडा अध्यक्ष रु. २०००/- अनुगमन वापत मासिक सुविधा पाउने व्यबस्था रहेको छ । नगरपालिकाले ऐनमा व्यवस्था भएको अलावा विभिन्न पदाधिकारीहरुले रु.१,३३,०००/- तथा कर्मचारीहरुले रु.५०,०००/-समेत जम्मा रु. १,८३,०००/- नदी जन्य पदार्थ उत्खन्न सम्बन्धी अनुगमन गरेको भनी अनुगमन भत्ता भुक्तानी गरेको पाइयो । ऐनमा व्यवस्था भएको भन्दा अतिरीक्त | |

| | | |
|---|---|---|
| | उपलब्ध गराएको अनुगमन भत्ता असुल गर्नुपर्ने रु.... | १८३०००/- |
| ११४. | **आ.ई.ई. बैठकः** ७०-०७५।६।४आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले नदिजन्य पदार्थ संकलन व्यवस्थापन सम्बन्धी कार्यको लागि बसेको विभिन्न मितिको बैठक भत्ता भनी पदाधिकारी तथा कर्मचारीहरुलाई रु. ६६,०००/- बैठक भत्ता वितरण गर्न ई. भानुभक्त राइलाई भुक्तानी दिएकोमा सो रकम वितरण गरेको भरपाई पेश हुन आएन । साथै सो कार्यक्रमको अनुगमन गरेको भनी पदाधिकारी तथा कर्मचारीहरुलाई रु. ३६,०००/- भुक्तानी दिएको रकमको समेत भरपाई पेश भएको पाइएन । बैठक भत्ता वितरण भएको भए सो को भरपाई पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु..... | १०२०००/- |
| ११५. | **होटल वास खर्चः** भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ मा भ्रमण गर्ने कर्मचारी वा पदाधिकारीले भ्रमण गर्दा पाउने खर्चको उल्लेख छ । नगरपालिकाले उक्त नियममा व्यवस्था भए अतिरिक्त नगर प्रमुखको भ्रमण भत्ता भुक्तानी गर्दा होटलबास तथा खाना खर्चको विल समेत पेश गरी भुक्तानी गरेको पाइयो । नियमावलीमा व्यवस्था नभएको होटल वास तथा खाना खर्च लेखेको रु. ७४,१२८/-असुल गर्नुपर्ने रु. | ७४१२८/- |

| गो.भौ.नं. | भ्रमण स्थान | भुक्तानी रकम |
|---|---|---|
| १९-०७५/५/१७ | काठमाण्डौं | ५०१७२ |
| ६३-०७५/६/४ | काठमाण्डौं | २३९५६ |
| | **जम्मा** | **७४१२८** |

| | | |
|---|---|---|
| ११६. | **बोर्डिङ्ग पास पेश नभएकोः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाचँ गरि विल भरपाई समेतको लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न अनुसारका कर्मचारी तथा पदाधिकारीलाई दैनिक भ्रमण भत्ता तथा अनुगमन मूल्याङ्कनको विल पेश गर्दा रु. १७,५००/- को प्लेनको बोर्डिङ्ग पास पेश नभएकोले पेश हुनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु. | १७५००/- |

| गो.भौ.नं | नाम | भ्रमण स्थान | प्लेन भाडा |
|---|---|---|---|
| ११७ | श्री खिम बहादुर तोलाङ्गी | काठमाण्डौ | ७००० |
| २६५ | उप प्रमुख श्री कृष्ण कुमारी पोखरेल | काठमाण्डौ | १०५०० |
| | **जम्मा** | | १७५०० |

| | | |
|---|---|---|
| ११७. | **कार्यक्रम खर्च** :नगरपालिकाले यस आर्थिक वर्ष स्वास्थ्य, कृषि, पशु, महिला, बालबालीका, अपाङ्ग कार्यक्रम तथा जेष्ठ नागरिकक्षेत्रमा वजेट विनियोजन गरी विभिन्न कार्यक्रम सञ्चालन गरेको पाइयो । नगर स्तरमा भएको विभिन्न कार्यक्रमहरु पुनः वडा तर्फ दोहरिने तथा नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरु अत्याधिक मात्रामा वितरणमुखी कार्यक्रमहरु जस्तै तरकारी बिउ वितरण, मल वितरण, स्प्रेयर वितरण, घाँस वितरण, सम्मान कार्यक्रम, न्यानो कपडा वितरण शिविर सञ्चालन आदि शर्सत तथा निर्शत रुपमा पटक पटक गरेको देखिएपनी स्वास्थ्य, कृषि, पशु, महिला, बालबालीका तथा जेष्ठ नागरिकक्षेत्रमा उल्लेखनिय प्रतिफल ल्याएको अवस्था देखिन आएको छैन । साथै अभिमुखिकरण, अनुगमन, ढुवानी, गोष्ठी, सम्मान कार्यक्रम तथा तालिम कार्यक्रमहरु शसर्त तथा निशर्त रुपमा मासिक तथा वार्षिक रुपमा पटक पटक सञ्चालन गरिएको पाइन्छ । नगरपालिकाले यस्ता पटके तथा वितरणमुखि खर्च नियन्त्रण गरी कार्यक्रम छनौट गर्दा यान्त्रिकरणमा जोड दिनुपर्ने र यस्ता क्षेत्रहरुमा सुधार ल्याउन दिर्घकालिन, उपलब्धीमुलक योजना बनाउने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । | |
| ११८. | **शिक्षा क्षेत्रमा अनुदानः** नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरु मार्फत शैक्षिक गुणस्तर वृद्धि गर्न अनुदान वितरण गरेकोमा तपशिल बमोजिमको व्यहोरा देखियो : | |
| ११८.१ | **प्रोत्साहन भत्ताः** वालविकास सहयोगी कार्यकर्ताहरुको तलब भत्ता तथा सेवा सुविधा शर्सत कार्यक्रम तर्फ रहेकोमा नगरपालिकाले समानिकरण चालु शिर्षक बाट बजेट विनियोजन गरी निणर्य बमोजिम वालविकास सहयोगी कार्यकर्ता हरुलाई प्रोत्साहन भत्ता वितरण गरेको पाइयो । संघले सेवा सुविधा तोकेको कर्मचारीहरुलाई नगरपालिकाले निर्णय गरी प्रोत्साहन स्वरुप रकम वितरण गरेको छ । | |

| गो.भौ.नं. | कार्य विवरण | रकम |
|---|---|---|
| १३६ | वालविकास स का प्रोत्साहन रकम | १९५००० |
| १९० | वालविकास स का प्रोत्साहन रकम | २०००० |
| ८८५ | वालविकास स का प्रोत्साहन रकम | ३७८९०० |
| | **जम्मा** | **५९३९००** |

११८.२ **शिक्षकलाई अनुदानः** शिक्षा नियमावली, २०५५ को नियम १०५ मा सामुदायिक विद्यालयले आफनै श्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब तथा अन्य सुविधा विद्यालय आफैले व्यहोर्नु पर्ने छ भनी उल्लेख छ। नगरपालिकाले शौक्षिक गुणस्तर कार्यक्रम बापत करार शिक्षकहरुको लागि विद्यालयलाई रु. ५,५०,०००/- अनुदान दिएको छ।

| गो.भौ.नं. | कार्य विवरण | रकम |
|---|---|---|
| २१२ | शौक्षिक गुणस्तर कार्यक्रम शिक्षक तलब | २००००० |
| ३३० | शौक्षिक गुणस्तर कार्यक्रम शिक्षक तलब | १५०००० |
| ३६६ | शौक्षिक गुणस्तर कार्यक्रम शिक्षक तलब | २००००० |
| | **जम्मा** | **५५००००** |

११९. नगरपालिकाले विभिन्न विद्यालयहरुलाई जस्तापाता छाउने कार्य, खानेपानी तथा शौचालय निर्माण,पूर्वाधार निर्माण, विद्यालय फिल्ड निर्माण, विद्युत जडान, शौक्षिक अवलोकन भ्रमण, सामग्री खरिद, रंग रोगन , औषधी उपचार खर्च आदि जस्ता पूजिँगत कार्यहरु विभिन्न कार्यक्रममा नगरपालिकाले गरी रु. २१,६१,५६३/- खर्च लेखेको देखियो।

| गो.भौ.नं. | विद्यालय नाम | कार्य विवरण | रकम |
|---|---|---|---|
| ७२ | श्री माध्यमिक विद्यालय | औषधी उपचार खर्च | १०६९२० |
| १९० | नमुना वाल विकास केन्द्र | रंगरोगन कार्य | ४०००० |
| २०७ | नमुना वाल विकास केन्द्र | स्टेबिलाईजर, टि.भि खरिद | ५०००० |
| २४९ | श्री सरस्वती वाल विकास केन्द्र | खेलकुद सामाग्री खरिद | १५०००० |
| ३५२ | श्री जाँते मा.वि. | सोलार बत्ति जडान | २००००० |
| ४२७ | श्री कृष्ण प्रा.वि. | फर्निचर निर्माण | ५०००० |
| ३८९ | चन्द्रमा वाल विकास केन्द्र | घेरावारा खर्च | १००००० |
| ४७१ | श्री भगवती आ.वि. | सामाग्री खरिद | २००००० |
| ९९० | श्री आ.वि. लेटाङ्ग | घेरावारा खर्च | १००००० |
| ९३८ | श्री पब्लिक प्रा.वि. | पुर्वाधार निर्माण | १५०००० |
| ९२५ | नव ज्योती बाल केन्द्र | शौचालय निर्माण | २४५०० |
| ५४९ | सुर्य प्रा.वि. | सामाग्री खरिद | १००००० |
| ५५४ | जनज्योती प्रा.वि. | टिनको छानो खरिद | १६०००० |
| ५५५ | लक्ष्मि बाल विकास केन्द्र | बालकेन्द्र व्यवस्थापन | २१६६४ |
| ५८२ | श्री पब्लिक प्रा.वि. | पुर्वाधार निर्माण | ७५००० |
| ६४१ | शान्ती भगवती उ.मा.वि. | सुचना पाटी निर्माण | २९७३० |
| ६०० | शान्ती भगवती उ.मा.वि. | शौक्षिक भ्रमण | ३५००० |
| ६४७ | करमवटे प्रा.वि. | सामाग्री खरिद | १००००० |
| ६६० | निशाम बालविकास केन्द्र | बालकेन्द्र व्यवस्थापन | २३७४९ |
| ७१२ | श्री महेन्द्र मा.वि. | रंगरोगन कार्य | ३००००० |
| ७१५ | चन्द्रमा वाल विकास केन्द्र | घेरावारा खर्च | २०००० |

| | | | |
|---|---|---|---|
| ८१७ | श्री बाल विकास आ.वि. | विद्युत उपकरण खरिद | १००००० |
| ८३८ | श्री लक्ष्मी मा.वि. | खेलकुद सामाग्री खरिद | २५००० |
| | **जम्मा** | | **२१६१५६३** |

| | | |
|---|---|---|
| १२०. | **घरेलु तथा साना उद्योग कार्यक्रमः** ९४४-०७६।३।२४ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूँची मा रहेका गैर सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटा संग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता, किसीम, समयावधि, गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शि रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । नगरपालिकाले नेपाल घरेलु तथा साना उद्योग महासंघलाई घरेलु उद्योगको तथ्याङ्क संकलन व्यवस्थापन तथा छनौट, व्यवसायीक मिल मर्मत, व्यवसायिक तरकारी खेती बाख्रा पालन तालिम, घरेलु तथा साना उद्योग सम्बन्धी १ दिने गोष्ठी कार्यक्रम तथा उपकरण वितरण लगायतका कार्य गर्न सोझै रु. १२,००,०००/- को सम्झौता गरेको पाइयो । उक्त कार्यक्रम गरे बापत उक्त संस्थाले कार्य प्रगति पेश गरेको पाइएन साथै संस्थाको नामको कर बिजक समेत जारि नगरेको हुँदा आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम १५ प्रतिशतले रु. १,८०,०००/- कर कट्टी गर्नु पर्ने रु... | १८००००/- |
| | **सामाजिक सुरक्षा तर्फ** | |
| १२१. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ (३) बमोजिम खर्च लेख्दा खर्चका विल भर्पाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष नगरकार्यपालिकाको सचिवहरुलाई प्रथम, दोश्रो र तेश्रो सामाजिक सुरक्षा भत्ता पेश्की दिएकोमा पेश भएको भुक्तानी अभिलेख र भरपाईहरु लाई भिडाउदा फरक देखिएका विषयमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ : | |
| १२२. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा २२ बमोजिम र आर्थिक वर्ष २०७५/०७६ बजेट वक्तव्य अनुसार सामाजिक सुरक्षा भत्ता रकम बैंक मार्फत वितरण गरिने व्यवस्था मिलाउने उल्लेख छ । यस वर्ष नगरपालिकाले सामाजिक सुरक्षा भत्ता सम्बन्धित वडाका सचिवलाई पेश्की दिदै भरपाईका आधारमा नगद वितरण गरेको देखिएकोले वितरण प्रणाली भरपर्दो र विश्वसनिय बनाउन बैंकिङ्ग प्रणाली भएका क्षेत्रमा बैंक मार्फत वितरण गर्नुपर्दछ । | |
| १२३. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७२ को दफा ९ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूचि-५ बमोजिमको मूल अभिलेख अध्याबधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा वित्तिय सूचना प्रणाली (MIS)मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । कार्यालयले (MIS) अभिलेख तयार गरेको देखिएन । | |
| १२४. | सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी, नागरिकता नं., परिचय पत्र नं., फोटो आदि विवरण अद्यावधिक राखि मूल अभिलेख खाता व्यवस्थित गरी सोहि प्रमाणका आधारमा सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्नेमा यस नगरपालिका अन्तर्गतका वडाहरुमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको ल्याप्चे लगाएको भर्पाई पेश गरी पेश्की फछ्र्यौट गरेकोमा नागरिकता एवं परिचयपत्र उल्लेख नगरी भत्ता वितरण गरेकोमा सो रकम सामाजिक सुरक्षा प्राप्त गर्न योग्य व्यक्तिहरुलाई नै वितरण गरेको हो भन्ने सम्बन्धमा विश्वस्त हुन सक्ने आधार देखिएन । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने प्रत्येक व्यक्तिको नागरिकता नम्बर अनिवार्यरुपमा उल्लेख गर्नुपर्ने देखिन्छ । | |
| १२५. | कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण गर्दा निम्नानुसारका एकै व्यक्ती हरुको सामाजिक सुरक्षा भत्ता वितरणमा दुई ठाउमा नाम राखि भुक्तानी भएको रकम दोहोरो भुक्तानी भएको देखिएको रु. | १८८००/- |

| **भत्ता सि.नं** | **चौमासिक** | **भुक्तानी लिनेको नाम** | **विषय** | **दोहोरो रकम** |
|---|---|---|---|---|
| १७,१८ | प्रथम, वडा नं. ८ | दिया विश्वकर्मा | दलित वालवालिका | १६००.०० |
| ३५,३६ | प्रथम, वडा नं. ८ | रोशन विश्वकर्मा | दलित वालवालिका | १६००.०० |
| १४,१५ | प्रथम वडा नं. ५ | पुजन विक | दलित वालवालिका | १६००.०० |

| | | | | |
|---|---|---|---|---|
| २९,३० | प्रथम वडा नं. ५ | सविना विश्वकर्मा | दलित वालवालिका | ४००.०० |
| १९,२० | प्रथम वडा नं. ९ | नन्दरुपा कामि | ज्येष्ठ दलित | ४०००.०० |
| १५,१६ | दोश्रो, वडा नं. ८ | दिया विश्वकर्मा | दलित वालवालिका | १६००.०० |
| ३२,३३ | दोश्रो, वडा नं. ८ | रोशन विश्वकर्मा | दलित वालवालिका | १६००.०० |
| २२,२३ | दोश्रो,वडा नं. २ | सम्राट रोक्का | दलित वालवालिका | १६००.०० |
| २३,२४ | तेश्रो वडा नं. २ | सम्राट रोक्का | दलित वालवालिका | १६००.०० |
| १८,१९ | तेश्रो वडा नं. ८ | दिया विश्वकर्मा | दलित वालवालिका | १६००.०० |
| ३५,३६ | तेश्रो वडा नं. ८ | रोशन विश्वकर्मा | दलित वालवालिका | १६००.०० |
| **जम्मा** | | | | **१८८००.००** |

१२६. **वैकिङ्ग कारोवार:-** कार्यालयले सामाजिक सुरक्षा भत्ता आशिक रुपमा वैकिङ्ग सेवा मार्फत वितरण गरेको छ । यो वर्ष वैंक मा कार्यलयले रु.३,७५,९९,६००/- निकासा गरेकोमा खर्च गरी वांकि रहेको रकम यकिन गरि फिर्ता गरेको देखिदैन । वैंकले वितरण गरेको रकमको विवरण पेश गरेको छैन । निकासा भएको रकम विवरण निम्नानुसार छ ।

| वडा नं. | वैंकको नाम | निकासा रकम |
|---|---|---|
| १,२,३ | एन एम वि वैंक | २०२७५२००.०० |
| १,४,५,६ | प्राइम कमर्शियल वैंक | १४७९८०००.०० |
| २ | माछापुच्छे वैंक | २५२६४००.०० |
| | जम्मा | ३७५९९६००.०० |

१२७. **वढी पेश्की फछ्र्यौट:-**कार्यालयले वडा नं. ८ को पेश्की फछ्र्यौट गर्दा जेष्ठ नागरिक तर्फ भत्ता रु.८,७२,०००/- वितरण गरेकोमा पेश्की फछ्र्यौट गर्दा रु.८,७५,०००/- गरेकोले वढी पेश्की फछ्र्यौट भएको रकम रु.३०००/- असुल गर्नुपर्ने रु. ३०००/-

**धरौटी तर्फ**

१२८. **धरौटी फिर्ता:** सरकारी लेखा निर्देशिका, २०७३ को परिच्छेद १२ को १२.५ (ङ) (आ) मा धरौटी रकम फिर्ता गर्दा उक्त भुक्तानी वापत लाग्ने कर तथा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश हुनु पर्ने व्यवस्था छ । कार्यालयवाट भुक्तानीमा कट्टा भएको धरौटी फिर्ता गर्दा मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश गरेको देखिएन । मूल्य अभिबृद्धि कर दाखिला भएको भनी कर कार्यालयको कर समायोजन पत्र पेश भए पछि मात्र धरौटी फिर्ता गर्नु पर्ने देखियो ।

**आम्दानी तर्फ:**

१२९. लेटाङ नगरपालिका अन्तर्गतको चिसाङ खोला तथा तेलि खोलाको विभिन्न १० नाकाबाट २०७५ कार्तिक ७ गते देखि २०७६।२ मसान्त सम्म ३८२५०० घनमिटिर खोलाजन्य सामग्री निस्कासनको लागि न्यूनतम मूल्य रु.४,०५,४५,०००/- कामयगरि मिति २०७४।६।१४को वोलपत्र सुचना अनुसार २६ थान बोलपत्रहरु विकि भएको देखियो । विकि भएका बोलपत्रमध्ये ३ बोलपत्रमात्र दर्ता हुन आएका थिए ।दर्ता भएका मध्ये ३ बटा फर्मले निम्न अनुसार को दर उल्लेख गरि बोलपत्र पेश हुन आएका थिए ।

| सि. नं | बोलपत्र दाताको नाम | कवोल अंक |
|---|---|---|
| १ | मनोकामना विनिता श्री जे.भी | ४०७०००००/- |
| २ | के एम निर्माण सेवा एण्ड सप्लायर्स | ४०५५००००/- |
| ३ | श्री शुभलक्ष्मी ट्रेड सेन्टर गछिया | ४०५४६०००/- |

यस सम्वन्धमा देखिएका प्रमुख व्यहोरा निम्नानुसार रहेका छन्

१२९.१ **बैक ग्यारेण्टी नलिएको**: सरकारी ठेक्का ऐन २०२० अनुसार ठेकेदारलाई ३ किस्तामा कवोल रकम तिर्ने व्यबस्था भएकोमा शुरु किस्ता रकम नगदमा दाखिला भै सके पछि बाँकी रकमको लागि पौष मसन्त र चैत्र मसान्त मा दुई किस्तामा वाकी रकम तिर्ने सुविधा सहितको ठेक्का व्यबस्था रहेकोमा

| | | |
|---|---|---|
| | दोस्रो र तेस्रो किस्ताको बाँकी रकम वरावरको बैक ग्यारेण्टी लिईमात्र ठेक्का सम्झौता गर्नू पर्नेमा बैक ग्यरेण्टी नलिई ठेक्का सम्झौता गर्ने पदाधिकारी लाई जिम्मेवार वनाईनु पर्दछ । | |
| १२९.२ | **किस्ता समयमा असुल नभएको:** ठेक्का सम्झौता गर्दा रु.५०,००,००० /- अर्थात १२.२८ प्रतिशत मात्र रकम लिई सम्झौता गरेको दोस्रो किस्ता रु.२,२०,००,००० /- आर्थात ५४.०५ प्रतिशत र तेस्रो किस्ता रु.१,३७,००,००० /- अर्थात ३३.६६ प्रतिशत चैत्र मसान्तमा तिर्ने शर्त रहेकोमा निम्न मितिमा निम्नानुसार रकम नगरपालिकामा दाखिला भएको देखियो । तोकिए बमोजिमको किस्ता रकम नतिर्ने ठेकेदारलाई हर्जाना हिसाव गरि असुल गनु पर्नेमा सो अनुसार गरेको देखिएन । | |

| मिति | बैक दाखिला रकम |
|---|---|
| धरौटी खातामा रहेको | २३०००००/- |
| २०७५/७/१७ | ५००००००/- |
| २०७५/११/१ | १०००००००/- |
| २०७६/१/२९ | ५००००००/- |
| २०७६/३/१ | ६४०००००/- |
| चालु बर्ष | १२००००००/- |
| **जम्मा** | **४०७०००००/-** |

| | | |
|---|---|---|
| १२९.३ | **ठेक्का छनौट**ः ठेक्का व्यबस्थाको मिति २०७४को ३० दिने सुचना अनुसार कतिबटा बोलपत्र विकी भएका थिए विकी मध्ये दर्ता र बोलपत्र मूल्याङकन लगायतको आधारभूत टेन्डर डकुमेन्ट लेखापरीक्षणमा प्रस्तुत हुन सकेनन् । दोस्रो घटीबाला के.एन. निर्माण सेवाको दाखिला भएको टेण्डर डकुमेण्टको रकम उल्लेख गर्ने महलमा शुरुमा रु.५ करोड उल्लेख गरि अक्षरमा समेत सोही व्यहोरा उल्लेख भएकोमा सो लाई सच्याई रु.४०५५००००। मात्र उल्लेख गरेको देखियो । सो कुरा बोलपत्र मुचुल्कामा उल्लेख नभएको हुँदा उक्त रकम बोलपत्र दाखिलाभै सकेपछि उल्लेख भएको भन्ने अबस्था रहेको छ । | |
| | **हाटवजार शुल्क संकलन ठेक्का :** | |
| १३०. | २०७५।३।१५को ब्लाष्ट पत्रिकाको सुचना अनुसार रु.३०,००,०००/- न्यूनतम कवोल अंक कायम गरि हाटवजार शुल्कबापतको ठेक्काको लागि भएको सूचना अनुसार सबैभन्दा बढी दर उल्लेख गर्ने श्री हरि बहादुर निरौला लेटाङ ३ को सबै भन्दा बढी अंकको रु. ३,६०५,५५५/- मा कवोल गरेको देखियो २०७५।४।२९ देखि २०७६ आषाढ मसान्त सम्म काम गर्न पाउने गरि भएको उक्त ठेक्का व्यबस्था को सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेका छन् । | |
| १३०.१ | ठेक्का व्यबस्था भएको कवोल अंकमा रु.३६०५५५५ मु अ.कर सहितको रकम भएकोमा १० प्रतिशत छुट डिलो ठेक्का सम्झौता भएकोले २८ दिनको छुट गरेको गरि निम्नानुसार सम्झौता भएकोमा घटीको सम्झौता भएकोले थप असुल गर्नु पर्ने रु. | १०२१२४/- |

| विवरण | सम्झौता रकम | हुने रकम | फरक रकम |
|---|---|---|---|
| हाटवजार ठेक्का | २९६८४०९ | ३०४१७०९.३३ | ७३३००.३३ |
| पटके सवारी कर | २२५५००० | २२८३८२४ | २८८२४ |
| जम्मा | ५२२३४०९ | ५३२५५३३.३३ | १०२१२४.३३ |

| | | |
|---|---|---|
| १३०.२ | **पटके सवारी करः** पटके सवारी करको लागि भएको वोलपत्र अनुसार सबैभन्दा बढी दर उल्लेख गर्ने ठेकेदार श्री डम्वर वहादुर राई को रु. २५,०५,५५५/- मु अ.कर सहित उल्लेख गरेको देखियो । उक्त रकम मध्ये आफ्नो सहित ९ जनाको धरौटीमा रहेको रकमबाट असुल गर्ने गरि ठेकेदार श्री डम्वर बहादुर राईको निबेदनको आधारमा आम्दानी भएको र बाकी रकम असुल हुनु पर्ने रु. | २०५५५५/- |
| १३१. | **अमानत निकासी कर**ः २०७५।६।२१ को नगर कार्य समितिको निर्णय अनुसार आई ई प्रतिबेदन अनुसार ठेक्का प्रकृया अन्तिम चरणमा पुगि सकेको अबस्थामा प्रति घन फिट रु. १.५० ले रु. १,६८,००,०००/- नघट्ने गरि निकासि करको व्यबस्था गर्ने निर्णय भएको पाइयो । नेपाल सरकारको निति अनुसार नदी जन्य पदार्थको निकासी कर उठाउन नपाईने भएपनि यस नगरपालिकाले वडा नं २ ३ र ९ का वडा अध्यक्ष तथा वडा सचिव मार्फत रसिद बुझी लिई अमानतमा कर संकलन गर्ने | |

<table>
<tr><td></td><td>भन्ने निर्णय भएको देखियो सो वमोजिम कुन कुन वडामा कति रकम यसरी संकलन भएको हो सोको अध्याबधिक अभिलेख नदेखिएकोले १,६८,००,०००/- कम्तिमा उठनु पर्ने अनुमान रहकोमा कति रकम उठेको हो एकिन गर्ने कुनै अभिलेख प्राप्त भएन । कार्यालयको संचित कोषको स्टेटमेण्ट अनुसार रु.५६,७८,५००/- मात्र रकम संचित कोषमा दाखिला भएको देखियो । उक्त रकम एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>१३२.</td><td>राजस्वको लेखाङ्कन-आर्थिक कार्यविधि नियमावली ,२०६४ को परिच्छेद ३ मा राजस्व दाखिला र राजस्व लेखा सम्बन्धि व्यवस्था रहेको छ । नियम ९ मा राजस्व आर्जन गर्ने कार्यालयले करदाता वा सेवाग्राही बाट सोझै बैकमा जम्मा भई प्राप्त हुन आएको बैक भौचर र कार्यालयले नगद संकलन गरी बैक दाखिला गरेको बैक भौचर समेतको सम्बन्धित खातामा प्रविष्टि गरी श्रेस्ता राख्नुपर्नेछ । बेरुजु रकम नगद असुल भएमा बेरुजु कायम भएको कार्यालयको राजस्व खातामा जम्मा गर्नुपर्नेछ । त्यसरी जम्मा गरिएको बैक भौचर संलग्न गरी सम्बन्धित कार्यालयले गोश्वरा भौचर उठाई त्यस्तो रकमको आम्दानी जनाई लेखा राख्नुपर्नेछ भन्ने व्यवस्था रहेको छ । त्यसैगरी नगदी रसिद प्रयोग भएकोमा रसिद नियन्त्रण खाता राखि सोही अनुसार रसिदको आम्दानी खर्च लेख्नुपर्नेमा कार्यालयले रसिद नियन्त्रण खाता राखेको छैन । कार्यालयले यो वर्ष राजस्व तर्फ गोश्वरा भौचर उठाई बैक नगदी किताब तयार गरेको छैन । कार्यालयले नियममा भएको ब्यवस्थाको पालना गरी राजस्वको लेखा राख्नु पर्दछ ।<br>कार्यालयले वडा नं. ७ को आम्दानी रसिद पेश नगरेकोले आम्दानी यकिन गर्न सकिएन</td><td></td></tr>
<tr><td>१३३.</td><td>कार्यालयले वडा नं.७ वाहेक अन्य वडाहरुमा साग्रिला सफ्टवेयर मार्फत आम्दानी गरेकोमा शिर्षकगत आवधिक आय संकलन विवरण अनुसार आम्दानी रकम रु.८९४५६५३।४६ भएकोमा संचित कोष दखिला रु.८८,७६,५४७।२५ भएकोले बाँकि रकम रु.६९,१०६।२१ संचित कोष दाखिला हुनुपर्ने रु</td><td>६९१०६/-</td></tr>
<tr><td>१३४.</td><td>रकम जम्मा नगरेको :प्रदेश आर्थिक ऐन, २०७५ को दफा ६ अनुसार दहत्तर वहत्तरमा लागेको ठेकका रकमको ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने व्यबस्था रहेको छ । कार्यालयमा दहत्तर वहत्तर वापत यस बर्ष रु.४,०७,००,०००/- मा ठेक्का लागेकोमा सो रकमको ४० प्रतिशतले हुने रकम प्रदेश संचित कोषमा दाखिला हुनु पर्नेमा हाल सम्म दाखिला भएको देखिएन उक्त रकम प्रदेश संचित कोषमा दाखिला हुनु पर्ने रु.</td><td>१६२८००००/-</td></tr>
<tr><td></td><td>बेरुजू - नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.१ करोड ३ लाख १३ हजार, नियमित गर्नुपर्ने रु ९ करोड ८ लाख १७ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. २ करोड ६० लाख ५४ हजार र पेश्की रु. १० लाख ८८ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट रु. ८ करोड ८६ लाख ६१ हजार फछ्र्यौट भइ रु. ३ करोड ९६ लाख ११ हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td></td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको छैन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.)</th><th>यो वर्ष फछ्र्यौट (रु)</th><th>बाँकी</th></tr>
<tr><td>४३२४९०३८</td><td>०</td><td>४३२४९०३८</td></tr>
</table></td><td></td></tr>
<tr><td></td><td>अद्यावधिक बेरुजु स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था छ । नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :
<table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C)</th><th>यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D)</th><th>यो वर्षको कायम बेरुजु रु. (E)</th><th>बाँकी (F= C+D+E)</th></tr>
<tr><td>४३२४९०३८</td><td>०</td><td>३९६११२२२</td><td>८२८६०२६०</td></tr>
</table>
उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी बेरुजु असुल फछ्र्यौट गरिनु पर्दछ ।</td><td></td></tr>
</table>

अनुसूची- १

# सञ्चित कोष विवरण
## २०७५।७६

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | लेटाङ न.पा. | मोरङ्ग | ५१८८० | ११०८३३ | १५१६१९ | २२५१०६ | ४८७५५८ | २७४६७७ | १७१९१८ | १६९३९ | ४६३५३४ | ७५९०४ |

# लेटाङ नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसूची- २

## २०७५।७६

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | मोरङ्ग | लेटाङ न.पा. | ६० | ८४ | १२८२७२ | ० | १७ | ८८६६१ | ७४ | ७० | ३९६११ | ९९६८ | ३३०४ | २५२५१ | - | - | २८५५५ | ९० | ९९८ | १०८८ |

अनुसूची- ३

# अद्यावधिक बेरुजु स्थिति
## २०७५।७६

(रु.हजारमा)

| क.सं. | स्थानीय तह | जिल्ला | गत वर्ष सम्मको बाँकी | यो वर्षको फछ्र्यौट | बाँकी | यो वर्षको सं प.बाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | लेटाङ न.पा. | मोरङ्ग | ४३२४९ | ० | ४३२४९ | ० | ३९६११ | ८२८६० |